जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष १० अंक २२, २०७८ साल पुस १६ गते शुक्रबार, नेपाल संवत् ११४२ (Dec. 31, 2021) Website : www .greaternepal .com .np मूल्य रु. १० ।–

## नयाँ भेरियन्टले संक्रमित बढाउने खतरा : डब्लूएचओ

काठमाडौं । कोभिडको नयाँ भेरियन्ट ओमिक्रोन र डेल्टा भेरियन्टका कारण संक्रमित बढ्ने विश्व स्वास्थ्य संगठन (डब्लूएचओ) ले चेतावनी दिएको छ । युरोप र अमेरिकामा कोभिड संक्रमितहरूको संख्या आश्चर्यजनक ढंगले बढिरहेका बेला डब्लूएचओका प्रमुख डा. टेड्रोस एड्हानोम गेहब्रेयससले सो चेतावनी दिएका हुन् ।


'स्वास्थ्य प्रणालीहरू काम गर्न नसक्ने अवस्था पुगेका छन् भने स्वास्थ्यकर्मीमा बाँकी ८ पेजमा

## अघोषित लोडसेडिङ ?

काठमाडौं । केही दिनयता बेला न कुबेला बिजुली जाने समस्याले उपभोक्ता दिक्क बनेका छन् । काठमाडौं उपत्यकाका विभिन्न क्षेत्रमा बेलाबेलामा बत्ती जान थालेपछि उपभोक्ता दिक्क बनेका हुन् । जाडो बढेसँगै काठमाडौं उपत्यकामा धेरै विद्युत् खपत हुने समय बिहान र बेलुका मात्रै होइन दिउँसो पनि दर्जनौंपटक बत्ती गएको थियो । छिनमा आउने र छिनमा जाने गरेर दिनमा दर्जनौंपटक बिजुली आउने र जाने गरेको उपभोक्ताको गुनासो छ । अनियमित रूपमा बत्ती जानेरआउने भएपछि उपभोक्तालाई समस्या भएको बाँकी ८ पेजमा

# भारतीय विस्तारवादको कालापानीमा जबर्जस्ती

**सीमा विवाद**




काठमाडौं । नेपाली भूभाग कालापानी, लिम्पियाधुरा तथा लिपुलेक समेटेर भारतले पुनः अर्को राजनीतिक नक्सा जारी गरेको छ । यसअघि भारतीय गृहमन्त्रालयले २०७६ कात्तिक २५ गते विशेष राज्यको दर्जा प्राप्त जम्मु र कास्मिरलाई केन्द्रशासित प्रदेशमा परिणत गरेपछि नयाँ राजनीतिक नक्सा सार्वजनिक गर्दै कालापानी क्षेत्रलाई भारतीय भूभाग रहेको देखाएको थियो । नेपालको पश्चिमी सीमा लिम्पियाधुरा हुँदै कालापानी र लिपुलेकसम्मको क्षेत्र आफ्नो भूभागमा पारेर एकतर्फी ढंगले सार्वजनिक गरेको नक्साले फेरि नेपालमा तीव्र आक्रोश जन्माएको छ ।

सन् १८१६ को सुगौली सन्धिअनुसार लिम्पयाधुरा, लिपुलेक र कालापानी नेपाली भूभाग रहेको प्रस्ट हुँदाहुँदै पनि भारतीय भौगोलिक विस्तारवादले ती क्षेत्र नछोड्ने पछिल्लो घामट प्रदर्शन गरेको विश्लेषण गरिएको छ । कालापानी क्षेत्रमाथि भारतले आफ्नो दाबी दोहोऱ्याएपछि उसले सुगौली सन्धिलाई अस्वीकार गरेको र अब नेपालको सीमा टिस्टा काँगडामाथि नेपालले आफ्नो हक कायम गर्न राष्ट्रिय एवं अन्तर्राष्ट्रिय पहल गर्नुपर्ने आवाज जोडतोडले उठ्न थालेको छ ।

बेलायतको इस्ट इन्डिया कम्पनी सरकार र नेपालबीचको सन् १८१६ मार्च ४ को सुगौली सन्धिले महाकाली (काली) नदीलाई सिमाना मानेर दुई देशलाई छुट्याएको छ । त्यतिखेर नेपाल सरकारको प्रतिनिधिका रुपमा राजगुरु गजराज मिश्र र चन्द्रशेखर उपाध्यायले हस्ताक्षर गरेर इस्ट इन्डिया कम्पनी सरकारका लेफ्टिनेन्ट पेरिस ब्राडशालाई हस्तान्तरण गरेको सन्धिमा पश्चिममा काली र पूर्वमा मेचीलाई मुलुकको सिमानाको रुपमा उल्लेख गरिएको छ । अहिले भारतले काली नदीलाई कुटी याङ्दी नाम दिएर नयाँ नक्सा जारी गरेको हो । नेपालले २०७७ जेठ ७ मा आफ्नो भूभाग लिम्पियाधुरासहित समेटेर नयाँ नक्सा जारी गरिसकेको छ । तर भारतले नेपालको नक्सालाई अस्वीकार गर्दै आएको छ । यस विषयमा राजनीतिक र प्रशासनिक रुपमा समाधान गर्ने भनेर नेपाली र भारतीय पक्षले प्रतिबद्धता जारी गरे पनि भारतले पुनः अर्को राजनीतिक नक्सा जारी गरी त्यसमा नेपाली भूभाग समेटेको हो । नेपाली भूभाग कालापानी, लिपुलेक र लिम्पियाधुरालाई नियन्त्रणमा लिएर तिब्बतमा रहेको धार्मिक स्थल मानसरोवरसम्म जाने बाटो भारतले निर्माण गरिसकेको छ । लिपुलेकलाई व्यापारिक नाकाका रुपमा प्रयोग गर्दै भारतले त्यहाँ भन्सार कर्मचारीसमेत राखिसकेको छ ।

सीमामा नेपालको प्रशासनिक क्षेत्र नहुँदा त्यसको फाइदा उठाउँदै भारतले नेपाली भूभाग मिचेको उनले बताए । भारतले कालापानी लिम्पियाधुरा र लिपुलेक अतिक्रमण गर्ने क्रममा नक्कली कालीनदी समेत बनाएको उनले जानकारी दिए । कालापानीलाई पश्चिम पारेर दोस्रो पटक भारतले सीमा मिचेको तथ्य पाइएको बताए । 'पानी ढलोको आधार बनाएर अतिक्रमण गरेको देखिन्छ' उनले भने । परराष्ट्र मन्त्रालयले यसअघि पनि भारतीय राजनीतिक नक्सा सार्वजनिक भएपछि विज्ञप्ति जारी गर्दै कालापानी, लिम्पियाधुरा र लिपुलेक भारतले अतिक्रमण गरेको भन्दै दुई देशको विवाद कूटनीतिक तहबाट समाधान गर्ने भनेको थियो ।

२ नोभेम्बरमा भारतले सार्वजनिक गरेको नक्सालाई अस्वीकार गर्ने परराष्ट्र मन्त्रालयले ६ नोभेम्बरमा नेपाल सरकारको धारणा सार्वजनिक गरेको थियो । त्यसपछि परराष्ट्र मन्त्रालयले २० नोभेम्बरमा कूटनीतिक नोट भारतलाई पठाएको थियो । वार्ताका लागि २३ नोभेम्बरमा प्रस्ताव गरिएको थियो । नेपालको प्रस्तावप्रति १९ डिसेम्बरमा भारतले सीमामा समस्या रहेको स्वीकार्दै वार्ताका लागि तयार रहेको पत्र पठाएको थियो तर भारतले नक्सा परिवर्तन भने नहुने संकेत देखाइसकेको छ ।

भारतले जारी गरेको नयाँ नक्सालाई पाकिस्तानले अस्वीकार गरेको छ । कस्मिर अधिनस्थ भूभाग आजाद कस्मिरलाई समेत भारतले आफ्नो नक्सामा गाभेको छ । चिनियाँ क्षेत्रको अक्साई चीन क्षेत्रलाई पनि भारतले आफ्नो दाबी गर्दै नयाँ नक्सामा पारेको छ । चीन र भारतबीच सीमा विवाद कायमै छ । लद्दाख र अरुणाञ्चल क्षेत्रका सीमा विवाद टुंगिएको छैन । यी क्षेत्रमा बेलाबेलामा बाँकी ८ पेजमा

## देशैभर चिसो बढ्यो

काठमाडौं । न्यूनचापीय प्रणाली सक्रिय बन्दा देशभर वर्षा भएको छ । मंगलबार पश्चिम नेपालमा वर्षा भएकामा बुधबार देशभर वर्षा भएपछि चिसो पनि बढेको हो । काठमाडौं उपत्यकाका नजिकका अग्ला डाँडा चन्द्रागिरि, फुल्चोकी, तारेभीरलगायत क्षेत्रमा हिमपात भएको छ । काठमाडौंमा यो वर्षको पहिलो हिमपात हो ।

जल तथा मौसम विज्ञान विभागका अनुसार पछिल्लो २४ घन्टामा सबैभन्दा बढी वर्षा कैलालीको चिसापानी वर्षा मापन केन्द्रमा रेकर्ड भएको छ । चिसापानीमा ४२.१ मिलिमिटर वर्षा मापन भएको छ । यस्तै, त्रिभुवन विमानस्थलमा ३७.४ मिलिमिटर वर्षा मापन भएको छ । काठमाडौंमा यो पहिलो हिउँदे वर्षा त होइन । तर यसअघि फाट्टफुट्ट मात्र पानी परेको थियो ।

दिपायलमा १४.३, वीरेन्द्रनगरमा ७.१, जुम्लामा १५, पोखरामा बाँकी ८ पेजमा

## १५ दिने खोप अभियान

काठमाडौं । कोभिड महामारीको जोखिम कम गर्न सरकारले दैनिक औसत पाँच लाखका दरले खोप लगाउने तयारी गरेको छ । आगामी दुई सातासम्म अभियान नै सञ्चालन गरेर खोप लगाउने सरकारको योजना छ । युरोपलगायत कतिपय देशमा कोरोनाको नयाँ भेरियन्ट 'ओमिक्रोन' तेस्रो लहरका रूपमा देखा परेकाले त्यसको असर नेपालसम्म पर्ने अनुमान गर्दै सरकारले यस्तो अभियान थालेको हो । प्रधानमन्त्री शेरबहादुर देउवाले १५ दिनमा ७५ लाख नागरिकलाई खोप दिने लक्ष्य लिएको र सोही लक्ष्य पूरा गर्न अभियान थालिएको स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

स्वास्थ्यसचिव डा.रोशन पोखरेलले 'पाँच लाख प्रतिदिन, १५ बाँकी ८ पेजमा

## सशस्त्रमा पदपूर्ति अझै भएन

काठमाडौं । सशस्त्र प्रहरीमा हाल प्रहरी नायब उपरीक्षक (डिएसपी) का ७० पद रिक्त छन् । त्यसमध्ये धेरैजसो पद करिब एक वर्षदेखि रिक्त भएका हुन् । माथिल्लो पद रिक्त हुँदा पनि १६ वर्षदेखि इन्स्पेक्टरहरू एउटै पदमा कार्यरत छन् । ०६२ फागुनमा भर्ना भएका छैटौँ ब्याचका सशस्त्र प्रहरी अधिकारीको एउटै पदमा सेवाअवधि १७ वर्ष हुन लागेको छ । तर, गृह मन्त्रालय र सशस्त्र प्रहरी नेतृत्वको बेवास्ताका कारण पद रिक्त राखेर बढुवा प्रक्रिया अवरुद्ध पारिएको छ । जसले प्रहरीको मनोबलसमेत प्रभावित बनेको छ ।

सशस्त्रमा गत असारदेखि नै एसएसपीका ११ पद रिक्त थिए । गत मंसिरमा बल्ल बढुवा गरियो । तर, एसपी र डिएसपीका रिक्त पदमा भने बढुवाको अझै कुनै तयारी छैन । गृह मन्त्रालय र सशस्त्र बाँकी ८ पेजमा

## महिला भलिबलतर्फको उपाधि

काठमाडौं । सरकारले बंगलादेशमा सम्पन्न एभीसी एशियन सिनियर सेन्ट्रल जोन महिला भलिवल च्यालेन्ज कपको उपाधी विजेता नेपाली महिला टोलीलाई नगद पुरस्कार प्रदान गर्ने घोषणा गरेको छ ।

मन्त्रिपरिषदको बैठकले उपाधि विजेता १२ जना खेलाडीलाई जनही रु ५ लाख, दुई जना प्रशिक्षकलाई ३-३ लाख रुपैयाँ तथा एकजना अफिसियल्सलाई २ लाख रुपैयाँ पुरस्कार दिने निर्णय गरेको हो ।

नेपालले बंगलादेशको ढाकामा गत



मंगलबार भएको फाइनल खेलमा उज्वेकिस्तानलाई ३-२ को रोमाञ्चक तथा संघर्षपूर्ण सेटमा जित निकाल्दै उपाधि रक्षा गरेको थियो । यसअघि पनि नेपालले २०१९ बाँकी ८ पेजमा

## एमसीसी खारेजको माग

काठमाडौं । नेकपा माओवादी केन्द्रका महाधिवेशन प्रतिनिधिले अमेरिकी सहयोग परियोजना मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) खारेज गर्न सुझाएका छन् ।

अध्यक्ष पुष्पकमल दाहालले सोमबार बन्दसत्रमा प्रस्तुत गरेको राजनीतिक प्रतिवेदनमाथि छलफलपछि बुधबार ११ समूहले एमसीसी खारेज गर्न सुझाव दिएका छन् । महाधिवेशनमा लुम्बिनी प्रदेशका तर्फबाट प्रतिनिधि तथा माओवादी केन्द्रका अर्घाखाँची संयोजक ठाकुरकुमार विकले अध्यक्ष दाहालको प्रतिवेदनमाथि सुझाव पेस गर्ने ११ वटै समूहले एमसीसी खारेज गर्नुपर्ने मत राखेको बताए । लुम्बिनी प्रदेशसहित सुझाव दिन बाँकी १४ समूहमा पनि एमसीसी खारेज गर्नुपर्ने मत रहेको उनले बताए ।

दाहालले भने आफ्नो प्रतिवेदनमा एमसीसी संशोधन गरेर मात्र पारित गर्नुपर्ने उल्लेख गरेका छन् । सत्तासाझेदार




नेकपा माओवादी केन्द्र र प्रधानमन्त्री शेरबहादुर देउवाबीच यथास्थितिमा एमसीसी कार्यान्वयनका विषयमा फरक मत रहेको छ । माओवादी केन्द्रले संशोधनपछि मात्र एमसीसी कार्यान्वयन गर्नुपर्ने बताउँदै आएका छन् भने प्रधानमन्त्री देउवा एमसीसी नेपालको हितमा रहेकाले यथास्थितिमै अघि बढाउने पक्षमा देखिन्छन् ।

### पारित नगर्न चेतावनी

एमसीसी सम्झौता संसद्बाट पारित नगर्न चेतावनीसहित बाँकी ८ पेजमा

## मेलम्चीको जिम्मा सिनोहाइड्रोलाई

काठमाडौं । बाढीपहिरोले क्षतिग्रस्त मेलम्ची खानेपानी आयोजना पुनर्निर्माणको जिम्मा चाइनिज कम्पनी सिनोहाइड्रोले नै पाएको छ । मेलम्चीको पानी काठमाडौं ल्याउन मेलम्ची खानेपानी विकास समिति र सडक विभागले संयुक्त रूपमा कार्ययोजना बनाएका थिए । तर, पहिले बनाइएको कार्ययोजना संशोधन गरी पुनर्निर्माणको जिम्मा चाइनिज कम्पनीलाई दिइएको हो ।

कार्ययोजनाअनुसार अस्थायी रूपमा पानी ल्याउने जिम्मेवारी भने मेलम्ची खानेपानी विकास समिति र हेलम्बु गाउँपालिकाको हो । 'हेडवर्क्समा कार्यरत कम्पनीले नै काम गर्दा छिटो हुने भएकाले चाइनिज कम्पनीलाई नै पुनर्निर्माणको जिम्मा दिने गरी कार्ययोजना बाँकी ८ पेजमा

## तीव्र रूपमा पग्लिँदै हिमालयका हिमनदी

**समय सन्दर्भ**

● निधि सुब्बरमन

हिमालय क्षेत्रका हिमनदी (ग्लेसियर) विगत सात सताब्दीको तुलनामा पछिल्ला ४० वर्षमा १० गुणा बढी पग्लेको एक वैज्ञानिक अध्ययनले देखाएको छ । साइन्टिफिक रिपोर्ट्स नामक जर्नलमा सोमबार प्रकाशित एक प्रतिवेदनअनुसार हिमपहिरो,बाढी तथा तीव्र गतिमा हिउँ पग्लिँदा नेपाल, भारत र भुटानका बासिन्दालाई खतरा बढेको छ । कृषिमा आधारित लाखौं दक्षिण एसियाली जोखिममा छन् ।

अनुसन्धानकर्ताका अनुसार हिमनदी पग्लिँदा प्रवाह हुने अत्यधिक पानीका कारण समुद्रको सतह बढ्ने, तल्लो तटमा डुबानको समस्या पर्ने तथा समुद्र किनारमा रहेका समुदायलाई चुनौती थपिने देखिएको छ । 'दक्षिण एसिया क्षेत्रले यसअघि कल्पना गरेभन्दा अत्यन्त तीव्र हिसाबमा प्रभावित देखिएको छ,' अध्ययनका सहलेखक युनिभर्सिटी अफ लिड्सका हिमनदी विज्ञ जोनाथन क्यारिभिकले भने, 'हिमालयमा देखिएको यो परिवर्तन अन्यन्त छिटो गतिमा देखिएको छ ।'



वैज्ञानिकले धेरै पहिलादेखि न्युजिल्यान्ड, ग्रिनल्यान्ड, पाटागोनियालगायत विश्वका अन्य भूभागका ठूला हिमनदीमा हिउँ घट्ने क्रमको अध्ययन गर्दै आएका छन् । तर हिमालय क्षेत्रमा हिउँ घट्ने क्रम अत्यन्त तीव्र रहेको नयाँ अध्ययनले देखाएको छ ।

यो परिवर्तन ठ्याक्कै के कारणले भएको हो भन्नेमा अनुसन्धानकर्ताले यकिन गरेका छैनन् तर दक्षिण एसियामा मनसुनमा आएको परिवर्तनले यसो भएको हुन सक्ने अनुमान उनीहरूको छ । खनिज इन्धन बाल्दा हुने हरित गृह ग्यास उत्सर्जनका कारण हिमनदी तथा तालमा हिउँ पग्लने गरेको वैज्ञानिक मान्यता रहेको सन्दर्भमा नयाँ अध्ययनको नतिजा सार्वजनिक भएको छ ।

विभिन्न वैज्ञानिक अध्ययनले विश्वको तापमान बढ्नुमा मानवीय कारण रहेको देखाएका छन् । गत अगस्तमा जलवायुसम्बन्धी संयुक्त राष्ट्रसंघीय अन्तरसरकारी प्यानल (आइपिसिसी) ले सार्वजनिक गरेको एक प्रतिवेदनले सन १९९० यता हिउँ घट्नुको प्रमुख कारण मानवीय गतिविधि हुन सक्ने जनाएको थियो ।

नयाँ अध्ययनका क्रममा दक्षिण एसिया क्षेत्रमा १५ हजार हिमनदीका तस्बिर लिएर समीक्षा गरिएको थियो । परापूर्व कालमा रहेको ग्लेसियल ट्र्याकको तुलना गरेर कति मात्रामा हिउँ पग्लेको हो भनेर अध्ययनमा आकलन गरिएको थियो । हिमनदी पग्लेर बग्दा हिमनदीसँगै ठूला चट्टान तथा गेग्रान जम्मा हुने भएकाले वैज्ञानिकले त्यस प्रकारको ग्लेसियल ट्र्याकको अनुमान गरेका हुन् ।

हाल हिउँले ओगटेको क्षेत्रको आधारमा चार सय वर्षदेखि सात सय वर्षअघिको 'लिट्ल आइस एज'देखि यता कति मात्रामा हिउँ घटेको हो भनेर अनुसन्धानकर्ताले प्रक्षेपण गरेका हुन् । उनीहरूले यो अवधिमा ३९० देखि ५८६ क्युबिक किलोमिटर हिउँ घटेको अनुमान गरेका छन् । यति मात्रामा हिउँ पग्लिँदा समुद्र सतह शून्य दशमलब ९२ मिलिमिटरले बढ्ने वैज्ञानिक आकलन छ । बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

बजार व्यवस्थापन
रामशरण रिमाल

सम्पादन सहयोगी
गोविन्द विक

**आजीवन सल्लाहकार**

योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्र(ाचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

## सीमामा भारतीय ज्यादती

भारतले सीमा अतिक्रमण निरन्तर रूपमा गरिरहेको छ । भारतीय सीमा सुरक्षा बल (एसएसबी) ले नेपाली सीमा अतिक्रमण गर्नुलाई मुख्य प्राथमिकतामा राखेको छ । पूर्वदेखि पश्चिमसम्म नेपालसँग सीमा जोडिएको ठाउँमा परिचालित भारतीय सीमा रक्षाले नेपालको भूमि मिच्ने र नेपाली जनतालाई धम्क्याउने, तर्साउने, कुटपिट गर्ने र गोली हान्नेसम्मका अपराध गर्दै आएका छन् । दुई देशका राजनीतिज्ञ, कूटनीतिज्ञले नेपाल भारतबीच सौहार्द्रपूर्ण र अत्यन्त गाढा मित्रता रहेको निरन्तर रूपमा बोल्ने गरे तापनि भारतीय सीमा रक्षकले मित्रतामा खलल पुऱ्याउने कार्य बारम्बार गर्दै आएका छन् । पूर्वी नेपालको इलाम जिल्लाका. सीमावर्ती इलाकामा भारतीय सुरक्षा बलले नेपाली भूमि मिचेर जबर्जस्ती रातिको समयमा पिलर गाड्ने गरेको नेपाली जनताले थाहा पाएपछि चर्को विरोध गरेर पिलर हटाउन लगाएका छन् । इलामको सूर्योदय नगरपालिकाको हिलेभन्ज्याङस्थित सीमा क्षेत्रका नेपाली जनताले बहादुरीपूर्वक एसएसबीको सामना गरेर नेपाल र नेपालीको शिर उच्च पार्ने काम गरेका छन् । स्थानीय जनता ठूलो संख्यामा उपस्थित भई एसएसबीको विरोध गरेपछि सशस्त्र प्रहरी र नेपाल प्रहरीको टोली पनि घटनास्थल पुगेको थियो ।

भारतीय सीमा सुरक्षा बलको प्रत्यक्ष संरक्षण र सहयोगमा इलाम जिल्लाको सीमावर्ती दशगजामा भारतले आफ्नोतर्फ थुप्रै स्थायी संरचनाहरू निर्माण गरेको छ । अन्तर्राष्ट्रिय सीमा कानुन बमोजिम बनेका यस्ता संरचना भारत हटाउन चाहँदैन । यता नेपाली भूमितर्फ दशगजाभन्दा धेरै पर पनि भारतीय सीमा सुरक्षा बलले संरचना बनाउन रोक लगाएको छ । एसएसबीले ग्लोबल पोजिसनिङ सिस्टम (जीपीएस) ले देखाएको सीमा भन्दै नेपाली भूमिमाथि गिद्देदृष्टि लगाउने गरेको छ । इलाम जिल्लामा पहिल्यैदेखि भारतले सीमा अतिक्रमण गरिरहेको सीमाविद बुद्धिनारायण श्रेष्ठले आफ्नो पुस्तक तथा फुटकर लेखहरूमा उल्लेख गर्दै आएका छन् । कालापानी ब्यास क्षेत्रको ठूलो क्षेत्रफल नेपाली भूमि अतिक्रमण गरेको भारतले सुस्ता हुँदै तराईका विभिन्न जिल्लामा सीमा अतिक्रमण गरेको छ ।

नेपाली जनताले विभिन्न ठाउँमा भारतीय सीमा रक्षकले गरेका अवैध क्रियाकलापको खुलेर प्रतिकार गर्दै आएका छन् । सीमाकै विषयमा विवाद हुँदा कञ्चनपुरका गोविन्द गौतमले एसएसबीको गोली प्रहारबाट सहादत प्राप्त गरे भने सप्तरी कोइलादीका बहादुर सीमारक्षक देवनारायण यादवले पटक पटक ज्यानको बाजी राखेर एसएसबीको प्रतिकार गरेका छन् । सीमा रक्षा गर्ने काम सरकारको भए तापनि नेपाली सीमा रक्षकको पर्याप्त उपस्थिति नहुँदा निहत्था जनता भारतीय हतियारधारीसँग भिड्न बाध्य छन् । सीमा देशको सार्वभौमिकतासँग जोडिएको छ । सीमा बचाउन सकिएन भने देशको अस्तित्व नै विलिन हुने खतरा पैदा हुन्छ । भारतको बलमिच्याइँ रोक्ने सीमा क्षेत्रका बहादुर जनतालाई सरकारले सधैंभरि साथ सहयोग र सम्मान प्रकट गर्नुपर्छ । सीमा क्षेत्रमा अप्ठेरो अवस्थामा बसेका जनताको मागको सरकारले सम्बोधन गर्नुपर्छ । जनतालाई आफ्नो साथमा सरकारको दरिलो साथ सहयोग भएको अनुभूति दिलाउन सक्नुपर्छ । कञ्चनपुरका नेपाली युवा नरेश सुनारमाथि भारतीय सुरक्षाकर्मीले गोली प्रहार गरेको विषयमा पनि गम्भीर छानबिन हुन आवश्यक छ । सीमाका जनताको रक्षा र नेपाली भूमिको रक्षाका लागि सरकार गम्भीर बन्न आवश्यक छ ।

# देशले एक राष्ट्रवादी र प्रजातन्त्रवादी राजा गुमायो



## सुरेन्द्र ढकाल

### सन्दर्भ पुस १४




U.S. endorses 'zone of peace' in Nepal
Reagan welcomes King Birendra to White House.

बडामहाराज पृथ्वीनारायण शाहले नेपालको एकिकरण त गरे । उनी राष्ट्रवादी राजा थिए भन्ने कुरा नेपाल राष्ट्रको जन्म हुनु र उनले दिएको दिव्योपदेशले नै प्रमाणित गर्दछ । उनी कति प्रजातान्त्रिक थिए त भन्ने कुरा बहसको विषय भएन किनकी त्यतिखेर अहिलेको जस्तो न संसदीय न समाजवादी कुनै पनि व्यवस्था विश्वमा थिएन । विराज बखेतीको सट्टामा जनभावना बुझी कालु पाँडेलाई काजी बनाएको कुरा इतिहासमा उल्लेख छ जसको कारण उनी जनभावनाको कदर गर्दथे भन्ने बुझिन्छ ।

राजा त्रिभुवनले आन्दोलनको पक्षमा लागेर गद्दी त्यागी भारतमा शरण लिएकोले २००७ मा राणाशाही ढल्यो । उनी प्रजातन्त्रवादी थिए भन्ने कुरा प्रमाणित भयो यद्यपि १९९७ मा ४ जनालाई सहिद बनाउने निर्णयमा राणाको दबाबमा परेर उनले हस्ताक्षर गरेका थिए । उनले त्यतिखेर हस्ताक्षर गर्न नमानेको भए के हुन्थ्यो ? प्रजातन्त्रको स्थापनापछि उनले विधानसभाबाट विधान बनाइ नेपाललाई गणतन्त्र बनाउने घोषणा त गरे, उनको त्यो घोषणा कार्यरूपमा परिणत भएको भए नेपाल अहिले भारतको कुनै राज्यमा परिणत भइसकेको हुन्थ्यो होला । भारतीयहरूलाई आफ्नो सल्लाहकार र राज्यको मुख्य संरचनामा उनीहरूको कार्यकारी र परामर्शकारी भूमिका बनाइदिने राजा त्रिभुवनलाई राष्ट्रवादी राजा मान्ने आधार छैन यद्यपि उनी प्रजातन्त्रवादी थिएनन् भन्न मिल्दैन ।

आफू राजा भएपछि भारतको प्रत्यक्ष प्रभावबाट देशलाई मुक्त गर्ने, संयुक्त राष्ट्र संघमा नेपाललाई प्रवेश गराउने, आफ्नै केन्द्रीय बैंक र राष्ट्रिय मुद्रा प्रचलनमा ल्याउने, पूर्व-पश्चिम राजमार्ग र कोदारी राजमार्गको निर्माणको थालनी गर्ने, उत्तरी सीमामा रहेका १८ मध्ये १७ भारतीय सैनिक पोस्ट हटाउने, नेपाललाई असंलग्न राष्ट्र बनाइ विश्वमा चिनाउने, देशमा उद्योगधन्दाको विकास गर्ने लगायतका थुप्रै राष्ट्रवादी काम राजा महेन्द्रबाट भए । तर उनी प्रजातन्त्रवादी देखिएनन् । आफ्नो सक्रिय नेतृत्वमा पंचायतजस्तो एक दलीय व्यवस्था लागू मात्रै गरेनन् बल्की त्यो व्यवस्थालाई भारतको निरन्तर समर्थन लिन उनले नेपालको स्वतन्त्र अस्तित्वमा आँच पुग्ने गरी सन १९६५ मा सरदार यदुनाथ खनाललाई भारत पठाई भारतसँग गोप्य सैनिक सम्झौता गरिदिए । त्यस गोप्य सन्धिअनुसार नेपालले भारतसँग मात्रै हतियार, गोलीगठ्ठा, नेपाली सैनिक पोसाक, टोपीदेखि पेटीसम्म किन्नुपर्ने, विदेशबाट किनेमा भारतलाई देखाइ ल्याउनुपर्ने आदि शर्त स्वीकारे । सक्रिय राजतन्त्र चलाउन पाइन्छ भने भारतको समर्थनमा झण्डै भुटानको राजा जिग्मेको हैसियतमा पुगे उनी । उनमा भएको अब्बल राष्ट्रवादसमेत त्यस सन्धीले गर्दा विवादपूर्ण बन्न गयो । उनी प्रजातन्त्रवादी चाहिँ एकरत्ति पनि थिएनन् ।

नेपालका राजा महेन्द्रसँग सन् १९६५ मा गोप्य सैनिक सम्झौता गरेको झण्डै ५ वर्षपछि अगस्ट १९७१ भारतले असंलग्न सिद्धान्तविपरीत तत्कालिन सोभियत संघसँग २० वर्षे सैनिक सम्झौता गऱ्यो । यही सम्झौताको आडमा त्यसको ४ महिनापछि डिसेम्बर १९७१ मा भारतले युद्ध गरी पाकिस्तानलाई टुक्राइ बंगलादेश भन्ने नयाँ देशको जन्म गरायो । बंगलादेश स्वतन्त्र राज्य भएको १ महिना नबित्दै नेपालमा राजा महेन्द्रको मृत्यु भई ३१ जनवरी १९७२ का दिन वीरेन्द्र नेपालका राजा भए । बेलायतको इटन कलेजबाट आफ्नो उच्च अध्ययन पूरा गरेका यी राजाले बेलायतमा अध्ययन गरेकै बेला आफू नेपालको अन्तिम राजा वा प्रथम राष्ट्रपति हुन सक्ने बताउनुले बेलायतको संवैधानिक राजतन्त्रबाट यिनी प्रभावित थिए भन्ने अनुमान गर्न सकिन्छ ।

असंलग्न आन्दोलनका कट्टर हिमायती र एक चीन नीतिमा अडिग वीरेन्द्रले राजा भएको दुई वर्षमा नै सन् १९७४ मा अमेरिकी अत्याधुनिक हातहतियारबाट सुसज्जित नेपालको मुस्ताङलाई आधार शिविर बनाइ तिब्बत विखण्डन गर्ने मनसुवा राखेका खम्पाहरूको दमन गरी नेपाली माटोलाई चीन विरुद्ध प्रयोग गर्ने भारत अमेरिकी योजनाको जरा उखेलेर फालिदिँदा यी राजासँग भारत र अमेरिका कति चिढिए होलान् सोझै अनुमान गर्न सकिन्छ ।

सन् १९७१ मा भारतले पाकिस्तान विखण्डन गरी बंगलादेश बनाएपछि सन् १९७५ मा स्वतन्त्र सिक्किमलाई आफूमा गाभ्यो । त्यसको लगत्तैपछि भारतीय सेनाको एक डफ्फा नेपाल पसी नेपाली गाउँ हरिहरपुर लुट्यो । भारतको यस्तो हर्कतलाई चीनले टुलुटुलु हेरेर बसेको देखेपछि अब भारतलाई कुटनीतिक तवरबाट अन्तर्राष्ट्रिय रुपमा नै एक्लो नबनाउने हो भने भारतले सिक्किमजस्तै नेपाल खान बेर नहुने देखेर सन् १९७५ मा भएको आफ्नो राज्याभिषेकको अवसरमा राजा वीरेन्द्रले नेपाललाई शान्तिक्षेत्र घोषणा गरियोस् भन्ने प्रस्ताव अन्तर्राष्ट्रिय समुदायको अगाडि राखे । राजाले गरेको प्रस्तावको लगत्तै सोभियत संघले उक्त प्रस्तावलाई स्वीकारे तापनि भारतले विरोध जनाएपछि उक्त स्वीकारोक्ति फिर्ता लियो ।

औपचारिक रुपमा उक्त प्रस्ताव मान्ने चीन प्रथम राष्ट्र हुन गयो । कुटनीतिमा दक्ष राजा वीरेन्द्रले उक्त प्रस्तावको पक्षमा बेलायत, अमेरिका, जापान, जर्मनी, फ्रान्सलगायत विश्वका ११६ राष्ट्रहरूलाई तान्न सफल हुँदा भारत र सोभियत संघ एक्लिए । नेपाल खाने दाउमा रहेको भारत नेपाल दरबारसँग नराम्ररी चिढियो । राजा वीरेन्द्र निरंकुश हुन, निरंकुश पंचायत व्यवस्थालाई दह्रो बनाइ आफ्नो एकतन्त्रीय शासनलाई स्थायित्व दिने चाल हो शान्तिक्षेत्रको प्रस्ताव भनेर भारतले विश्वभर होहल्ला फिजाउँदै, अनि त्यसैको कारण आफ्नो देशले राजाको शान्तिक्षेत्रको प्रस्ताव नमानेको बताउँदै नेपालको राजनीतिक दलहरूलाई राजा र पंचायत व्यवस्थाविरुद्ध उचाल्न थाल्यो । हो न हो भारतले सही कुरा गरेको भन्दै नेपालका प्रतिबन्धित राजनीतिक दलहरू पंचायत व्यवस्थाविरुद्ध विद्यार्थी र शिक्षकहरूलाई आन्दोलित गर्न थाले । पाकिस्तानका सैनिक शासकले प्रजातन्त्रवादी पूर्व प्रधानमन्त्री भुट्टोलाई मृत्युदण्ड दिएपछि त्यसको विरोधमा काठमाडौं र मकवानपुरमा विद्यार्थी र शिक्षकहरूको जुलुस निस्कियो । त्यस जुलुशले पंचायत व्यवस्था विरोधी नारा घन्काएपछि राजा वीरेन्द्रले २०३६ साल (२ मे १९८०) मा जनमत संग्रहको घोषणा गरिदिए ।

पंचायतको प्रधानमन्त्री बनेर पंचायतकै विरोध गरेको कारण जेल परी पुस १ गतेको दिन कालो टीका लगाएर नाम कमाएका सूर्यबहादुर थापालाई प्रधानमन्त्री बनाइ जनमत संग्रह गर्ने अभिभारा सुम्पनुले राजा वीरेन्द्रले आफू कति प्रजातन्त्रवादी छु र जनमत संग्रह कति निष्पक्ष हुनुपर्छ भन्ने उनको दृष्टिकोणलाई स्पष्ट पारे । राजाको त्यो कदमलाई नेपाली कांग्रेस र सुधारवादी कम्युनिस्टहरूले समेत स्वागत गरेको कारण जनमत संग्रह हुने वातावरण सिर्जना भयो । त्यसको लगत्तै राजा वीरेन्द्रले एक अर्को घोषणा गरी जनमत संग्रहमा पंचायत पक्षले विजय हासिल गरे पनि त्यसपछिको व्यवस्था सुधारिएको पंचायत हुने, जनताले सोझै राष्ट्रिय पंचायतको सदस्य निर्वाचन गर्ने, त्यस्तो निर्वाचित राष्ट्रिय पंचायत (संसद) ले प्रधानमन्त्रीको निर्वाचन गर्ने र त्यस्तो प्रधानमन्त्री संसदप्रति जिम्मेवार हुने राजनीतिक प्रणाली हुने बताए । सोअनुरुप भएको जनमत संग्रहमा सुधारिएको पंचायत पक्षको विजय भएपछि पंचायत व्यवस्था र त्यसको नेतृत्व गर्ने राजतन्त्र निरंकुश छ भन्ने हल्ला चलाउने भारतको मुखमा बुझो लाग्यो ।

राजा वीरेन्द्रले आफ्नो स्थितिलाई मजबुत बनाउँदा नेपाललाई सिक्किम बनाउने भारतको दाउ केही समयको लागि टऱ्यो । जनमत संग्रहपश्चात् १० वर्ष पंचायत व्यवस्था टिक्यो । तर फेरि भारतले आफ्नो च्याँखे दाउ थाप्न पछि परेन । नेपाली राजनीतिक दलहरूलाई उचालिनै रह्यो जसको फलस्वरुप २०४५ को चैतबाट पुनः पंचायत विरोधी आन्दोलनले गति लियो । आन्दोलनले गति लिंदा भारतीय सैनिक हस्तक्षेप हुने देखेर राजा वीरेन्द्रले चीनसँग अत्याधुनिक हतियार खरिद गरेपछि भारत झन् आगो भयो । उसले सन् १९६५ मा राजा महेन्द्रले गरेको भारतसँगको सैनिक सन्धिविपरीत राजा वीरेन्द्रले चीनसँग हतियार खरिद गरे भन्दै भारतको मुख्य दैनिक टाइम्स अफ इन्डियामा उक्त गोप्य सन्धि छापिदियो र नेपालमाथि आर्थिक नाकाबन्दी लगाइदियो । यस नाकाबन्दीको कारण पंचायत विरोधी आन्दोलन बेस्सरी चर्कियो ।

आन्दोलन चर्कंदै जाँदा भारतले उच्चस्तरको प्रतिनिधिमण्डल पठाइ राजाले नेपालको परराष्ट्र र सुरक्षाको जिम्मा भारतलाई दिई भुटानी राजाको हैसियतमा बस्ने हो भने आन्दोलन दबाइदिने प्रस्ताव पेस गऱ्यो । भारतको दबाबमा भुटानी राजाको हैसियतमा बस्नुभन्दा जनतालाई पूर्ण प्रजातन्त्र दिनु ठीक भन्दै राजा वीरेन्द्रले २०४६ जेठमा एक घोषणा गरी पंचायत व्यवस्थाको अन्त्य र बहुदलीय व्यवस्थाको पुनर्स्थापना गरिदिए । आन्दोलनपश्चात् बनेको कांग-वामको संयुक्त सरकारले भारतको इसारामा शान्तिक्षेत्रको प्रस्तावलाई रद्दीको टोकरीमा मिल्काइमात्रै दिएन सुगौली सन्धिविपरीत नेपालका सीमा नदीहरू साझा हुन् भन्दै ठूलो राष्ट्रघात गऱ्यो ।

नेपालमा स्थापना भएको बहुदलीय व्यवस्था आफ्नो कारणले भएको भन्दै भारत झन् हौसियो । अब ऊ नेपालमा रहेका १ करोड भारतीय आप्रवासीहरूलाई नेपाली नागरिकता दिनुपर्छ भन्दै नयाँ अभियान सुरु गर्न थाल्यो र नेपालका आफ्ना कठपुतली राजनीतिक दलहरूलाई त्यसैतर्फ परिचालन गर्न थाल्यो । तत्कालिन संसदबाट हरेक पटक पास भई लालमोहरको लागि दरबार पुगेको नागरिकतासम्बन्धी विधेयकलाई पटक पटक सर्वोच्च अदालततर्फ मोडने काम राजाले गरिदिएपछि अब भारत राजतन्त्र खतम गर्ने नयाँ अभियानबारे सोच्न थाल्यो । त्यसका लागि एकातर्फ उसले गणतन्त्रवादी माओवादी जनयुद्धलाई मलजल गर्न थाल्यो भने अर्कोतर्फ राजा वीरेन्द्रको वंश विनाश गर्ने नयाँ डिजाइन बनाउन लाग्यो ।

राजा वीरेन्द्रले चाहेको भए शाही सेना लगाएर खम्पा विद्रोहीलाई दमन गरेजस्तै माओवादीहरूको सत्यानाश गर्न सक्थे । तत्कालिन प्रधानमन्त्री गिरिजाले चाहेको पनि त्यही थियो । तर जनताप्रेमी राजाले आफ्ना जनता मार्न नचाहँदा भारतीय गुप्तचर संस्था रअको ग्राण्ड डिजाइनमा वीरेन्द्रको वंश विनाश हुन पुग्यो । यस प्रकार देशले एक राष्ट्रवादी अनि प्रजातन्त्रवादी राजा गुमायो ।

# दलितमैत्री बन्ला त कांग्रेस



## गोविन्द विक

नेपाली कांग्रेसको १४ औं महाधिवेशनबाट पदाधिकारीमा दलितको उपस्थिति भएको छ । आम दलित समुदायका लागि यो निकै खुसीको कुरा हो । राजनीतिक दलहरूले दलित समुदायको प्रतिनिधित्व पार्टीभित्र गराए तापनि पदाधिकारी तहमा उनीलाई अवसर दिन कन्जुस्याइँ गर्दै आइरहेका छन् ।

दलहरूले दलितका मुद्दालाई सम्बोधन गर्ने भनेर जति नै चर्का नारा लगाए पनि व्यवहारमा त्यस्तो देखिएको छैन । राजनीतिक दलका नेतृत्व पक्षहरूले दलितका मुद्दालाई कहिलै पनि गम्भीर रुपमा लिएनन् र लिने क्षमता पनि देखाएका छैनन् । दलित समुदायमाथि विभिन्न वहानामा आज पनि घटनाहरू भइरहेका छन् । दलित समुदामाथि जातीयविभेद लगायतका घटना घटी नै रहेका छन् भने मन्दिर प्रवेश अन्तर्जातीय विवाहलगायतका निहुँमा दलितहरूको ज्यान लिने काम पनि भइरहेको छ ।

दलित समुदायमाथि हुने गरेका घटनाहरूलाई राजनीतिक दलहरूले गम्भीर रुपमा दिने भन्दा पनि पीडकलाई जोगाउने प्रपञ्च रचिरहेको धेरै उदाहरणहरू छरपष्ट छन् । नवराज विकदेखि अर्जुन दाससम्मको हत्या श्रृङ्खला हेर्दा दलित समुदायमाथि हुने गरेका आक्रमणहरू निकै हिंस्रक भएर देखा परिरहेका छन् ।

दलगत रुपमा हेर्दा नेपाली कांग्रेसले १४ औं महाधिवेशनबाट समावेशितालाई राम्रै गरी कार्यान्वयन गरेको देखिएको छ । सबै तहमा दलितहरूको उपस्थिति राम्रै देखिएको छ । पदाधिकारीमा पनि एक जना दलित सहमहामन्त्री भएका छन् । यसरी हेर्ने हो भने कांग्रेसले दलितको सहभागितालाई पार्टीमा राम्रै स्थान दिएको पाइन्छ । तर पार्टीको पदाधिकारीमा दलितको उपस्थिति हुनु मात्र उपलब्धि होइन ।

जसरी दलित समुदायको उपस्थिति रहेको छ । त्यसैगरी दलितका मुद्दा सम्बोधन गर्न पनि सक्षम हुनुपर्ने अवस्था छ । दलभित्र रहेर राजनीति गर्ने दलितहरूले आफ्नो समुदायको हक अधिकार सुनिश्चितका लागि चर्को दबाब दिनु उत्तिकै महत्वपूर्ण रहेको छ । पार्टीभित्र विभिन्न पद र ओहोदामा रहँदैमा दलितहरूको मुक्ति सम्भव छैन । पार्टीको आस्थाबाट दलित समुदायको मुक्ति चाहने दलित नेताहरूले दलितका मुद्दामा सधैं संवेदनशील हुन जरुरी छ ।

दलित समुदायका नेताहरूले आफ्नो अवसरलाई ताकेर बस्ने पार्टी रिसाउँछ होला भनेर दलितका मुद्दाहरूलाई ओझेलमा पार्ने काम गर्न थालियो भने दलको जुनसुकै तहमा दलित समुदाय रहे पनि दलितका आवाज उठनेवाला छैनन् । अन्य दलको तुलनामा नेपाली कांग्रेसले समावेशीलाई राम्रै गरी कार्यान्वयनमा ल्याएको छ । तसर्थ पार्टीमा जातीय छुवाछूतका मुद्दालाई सशक्त रुपमा कार्यान्वयन गराउनेमा आस गर्न सकिन्छ ।

पार्टीले पहिलो बैठकबाट नै यदि पार्टीभित्रको कुनै पनि तहका नेताहरूले दलित समुदायमाथि जातीय छुवाछूत गरेमा उक्त पदबाट तत्काल हट्नुपर्ने व्यवस्था लागू गर्ने । पार्टीभित्रका कुनै पनि तहका कार्यकर्ताले जातीय विभेद गरेमा उनीहरूको सक्रिय सदस्यता खारेज हुने व्यवस्था पार्टीभित्र हुन सक्यो भने नेपाली कांग्रेसले साँच्चै दलितमैत्री पार्टी बनाउन कुनै समस्या नै छैन ।

आम दलित समुदायले नेपाली कांग्रेसले देखाएको व्यवहार नियालिरहेका छन् । र दलित समुदायको आस पनि छ कि कांग्रेसले दलितमैत्री पार्टी पक्कै पनि बनाएरै छोड्नेछ । सबैभन्दा पहिला नेपाली कांग्रेसले दलित समुदायलाई महामन्त्री बनाएको इतिहास ताजै छ । अन्य दलभन्दा नेपाली कांग्रेस दलितहरूलाई पार्टीमा सहभागी गराउनेमा अगाडि देखिन्छ । बीपीको समाजवादलाई आत्मसात गर्दै नेपाली कांग्रेसले दलितमैत्री पार्टी बनाउने मार्गमा ढिला नगरी अगाडि बढेमा दलित मुक्तिका लागि राहत हुन सक्छ ।

नेपाली कांग्रेस पार्टीबाट राजनीति गर्ने दलित नेताहरूले पनि दलितहरूमाथि हुने गरेका जातीय विभेद, अन्तर्जातीय मुद्दाहरूलाई सशक्त रुपमा उठान गर्नुपर्दछ । पार्टीलाई हेर्नेभन्दा पनि आफ्नो समुदायको पीडालाई नजिकबाट नियाल्ने कोसस गर्न आवश्यक छ । दलभित्रको चुनावबाट जसरी निर्वाचित भएको छ, त्यसैगरी दलित समुदायको हितको लागि आवाज उठाउनु जरुरी छ । अब पनि ढिला गर्ने हो भने दलित समुदायको मुक्ति अझै सयौं वर्षसम्म पनि हुने अवस्था रहँदैन ।

# मैले देखेको १८९ औं विश्व पर्यटकीय स्थल
# वार्सेलोनाको कातालोन म्युजियम परिसर र विशाल खुड्किला



परबाट हेर्दा म्युजियम भवन, खुड्किला र पानीको फोहोरा ज्यादै आकर्षक रहेछ

जुन २९ तारिख २०१३ को बिहान ब्रेकफास्ट गरी म र मित्र कृष्णराज दुलाल भालेन्सियाबाट रेलमा स्पेन अर्को सहर वार्सेलोना प्रस्थान गऱ्यौं। भूमध्य सागरको किनारै किनार करिब ३५० किलोमिटरको यात्रा गरेपछि करिब दिन ३ बजेतिर हामी वार्सेलोना आइपुग्यौं। हामी दुवैजनासँग युरो सकिएको र ट्राभर्लस चेक साट्नुपर्ने भएको हुँदा रेलवे स्टेसन्मा भएको मुद्रा विनिमय (Exchange) गएर चेक साटन खोज्दा अमेरिकन डलरको ट्राभर्लस चेक लिन मानेन। हामी जिल्ल पऱ्यौं। लौ अब दुःख पाइने भयो भन्ने लाग्यो। तत्पश्चात हामीले जर्मनीमा रहेकी हाम्री मित्र डा. सुसान्नालाई हाम्रो अवस्थाबारे जानकारी गराएपछि उनले फ्रान्कफर्टबाटै आफ्नो क्रेडिट कार्ड प्रयोग गरी रेलवे स्टेशनकै नजिकै रहेको एक लजमा कोठा बुक गरी हामीलाई खबर गरेपछि हामी त्यस लजमा पुग्यौं। झोला बिसायौं।

लजमा ट्राभलर्स चेक साटन पाइन्छ भनेर सोध्दा त्यहाँ पनि सकारात्मक उत्तर आएन। सुत्न त पाइयो अब भोकै परिने भइयो भन्ने लाग्यो। हामी लजको कोठामा सामान छाडी बाहिर बजार निस्कियौं, कतै चेक साटन पाइन्छ कि भनेर खोज्न थाल्यौं। बजारको पसल हेर्दै जाँदा एउटा तरकारी पसलमा नेपालीजस्तै लाग्ने एक युवकलाई देखेर नेपाली हो भनेर सोध्यौं। ऊ पाकिस्तानी रहेछ। ज्यादै मिजासिलो।

हामीले पैसा नभएको र ट्राभलर्स चेक साटन नपाएको अप्ठेरो अवस्थाबारे जानकरी गराएपछि उसले त्यहाँ आफ्नो एक मित्र नेपाली छ भनी फोन गरेर उनलाई बोलाइदिए। रमेश नाम बताउने उनी फोन गरेको ५ मिनेटमा नै त्यहाँ आइपुगे र हामीलाई आश्वस्त रहनुस् समस्या पर्दैन भन्दै आफ्नो कोठामा लगी हल्का पेय पदार्थ पिलाए र हामी उनको कोठाबाट निस्की वार्सेलोनाको गल्लीमा छिऱ्यौं। त्यहाँ एउटा मनि एक्सचेञ्ज रहेछ जस्ले विना आनाकानी हाम्रो पासपोर्ट र भीसाको फोटाकपि लिई चेक साटिदियो।

हामीले रमेशजीलाई मुरी मुरी धन्यवाद दियौं। साँझ पर्न लागेकोले कहाँ जाने भनेर सोध्दा रमेशजीले कातालन म्युजियम परिसर, त्यहाँ रहेको विशाल खुड्किला, पानीको फोहरा घुम्न रमाइलो हुन्छ भनेपछि उनैले निर्देश गरेका दिशा पछ्याउँदै बेलुका ६ बजे हामी त्यहाँ पुग्यौं।



खुड्किला बीचको झरनासहितको नहर



कातालोनको म्युजियमसम्म पुग्ने खुड्किला



दुवैतिर खुड्किला अनि बीचमा पानीको फोहोरासहितको नहर



म्युजियम परिसरमा पर्यटकहरू साँझको बेला

**कातालन म्युजियम परिसर र विशाल खुडकिला**

हामी काठमाडौंबासी स्वयम्भूको स्तुपा पुग्ने साँघुरो अनि ठाडो खुडकिला देखेकाको लागि कातालन म्युजियम भवन अगाडिको विशाल चौंडा खुडकिला देख्दा अनौठो अनुभूति भयो। हुन त इटलीको राजधानी रोममा बस्दा त्यहाँको पियाच्जा स्पान्यामा रहेको खुडकिला देखेको थिए। त्यो त्यति विशाल र चौडा थिएन जति कातालन म्युजियम अगाडिको यो खुडकिला रहेछ। ठाडो नभै मन्द उकाली लाग्ने खुडकिला। दुवैतिर खुडकिला र बीचमा पानीको फोहरा अनि झरनासहितको नहर अनि त्यस्को बीचबीचमा स्तम्भ ज्यादै मनमोहक थियो।

वार्सेलोनावासीहरूको बेलुकी ताजा हावा खाने अनि घुम्ने थलो भएको हुँदा हामी त्यहाँ पुग्दा यति धेरै मानिसहरू देख्यौं कि झण्डै हाम्रो शिवरात्रिको बेलाको जस्तो। म आफू इटालियन भाषा बुझ्ने र स्पेनी र इटालियन भाषा अलि अलि मिल्ने हुँदा हामीले त्यहाँ यसो भलाकुसारी गर्दा के थाहा पायौं भने त्यहाँका बासिन्दा कातालोनीहरू आफूलाई स्पेनिसभन्दा पनि कातालोनी भन्न रुचाउँदा रहेछन् र स्पेनबाट विखण्डन भई कातालोनिया स्वतन्त्र हुनुपर्छ भन्ने प्रवल भावना रहेको हामीले महसुस गऱ्यौं। हुन पनि त्यहाँ कतै कातालोनिया झण्डा फहराएको पनि देखियो। बेलुका भएको कारण हामी म्युजियमभित्र प्रवेश गरी अवलोकन गर्ने कुरा पनि भएन। बाहिरबाटै हेऱ्यौं।

हामीले थाहा पाएअनुसार यो भित्ते ललितकला (Mural Fine Arts) को म्युजियम रहेछ। ११ औंदेखि १३ औं शताब्दि ताकाको कातालोनी गोथिक शैलीका कला संग्रह गरी सन् १९३४ मा कातालोनी सांस्कृतिक सम्पदा संग्रहको केन्द्रको रुपमा यो म्युजियमको स्थापना भएको रहेछ।

यो म्युजियमलाई १९९० मा पलाउ राष्ट्रिय म्युजियम भनी घोषणा गरिएको र औपचारिक उद्घाटन भने सन् २००४ मा मात्रै भएको रहेछ। तत्पश्चात यस म्युजियममा कातालोनी कलाकरिताको अतिरिक्त अरु स्पानिस र युरोपियन कलाकृति साथै कातालोनी मुद्रा (सिक्का) को संग्रह पनि शुरु गरिएको रहेछ। हामी त्यहाँ रात झमक्क परुञ्जेल बस्यौं। तत्पश्चात त्यहीको एक फास्टफुड रेस्टुराँबाट केही खानकुरा किनी लजतर्फ लाग्यौं। यस प्रकार वार्सेलोनको हाम्रो पहिलो दिन सकिएको थियो।

कथा

# गोबध

दिल साहनी

कारागार भनेको थरि थरिका अपराधीका साथसाथै निरपराधीको पनि बासस्थान हो । निवास हो । वास्तवमा जेल बाहिर बसेका मान्छे सबै निर्दोष हुन्छन् भन्ने कुरा पनि होइन र जेलभित्र परेका सबै मान्छे दोषी हुन्छन् भन्ने कुरा पनि होइन । कति अवस्थामा त खुँखार अपराधी पनि छाडा साँढे जस्तै बाहिर डुक्रिँदै हिँडिरहेका हुन्छन् जबकि कति निरापराध व्यक्ति पनि जेलको कालो कोठरीमा कष्टकर जीवन बाध्य भइरहेका हुन्छन् ।

हरेक कुराको आयु भए जस्तै कारागारको पनि आयु हुन्छ । राणाकालमा बनेको भैरहवाको कारागार जीर्ण अवस्थामा पुगेको भए पनि त्यसलाई मर मरम्मत गर्ने कार्यमा सम्बन्धित निकायको ध्यान आकृष्ट भएको देखिन्न । आज सत्ताको बागडोर सम्हाले पार्टीका कति ठूला ठूला नेताहरूको समेत हिजो यो निवास्थान भएको थियो । बासस्थान भएको थियो । उनीहरूको समेत यसको जिणोद्धारप्रति ध्यानाकृष्ट हुँदैन भने अरु कसको होस् । सुंगुरका खोर समेत साफ सुघ्घर राख्नुपर्दछ भन्ने यो जमानाको अवधारणा हो । मान्छेले नै मान्छेको स्थान पशुभन्दामाथि निर्धारण गरेको देखिन्छ । तर भैरहवाको मात्र होइन देशका अधिकांश कारागारको अवस्था सुंगुरको खोरभन्दा पनि गएगुज्रेको देखिन्छ । खतम देखिन्छ ।

सन्त बहादुर राना मगर यही सुंगुरको खोरभन्दा पनि गएगुज्रेको कारागारमा कैदी भएका छन् । उनी गोबधका अपराधमा कैद भएको हुन् । उनीमाथि लागेको गोबधको अपराधको दण्ड सजाय स्वरुप उनलाई पुरै बाह्र बर्षसम्म भैरहवा लगायत सरकारले तोकेका विभिन्न कारागारमा स्थानान्तर भइरहनु पर्ने छ । उनीसितै गोबधका अपराधमा थुनिएका उनकै छिमेकी मन बहादुर पुन मगर भने अदालतबाट सफाई पाएर छुटेका छन् । सुनिन्छ उनलका आफन्तजनले कता कताबाट केही पैसाको जोगाड गरी सम्बन्धित ठाउँमा बुझो लगाएको हुनाले उनले गोबधको अपराधबाट छुटकारा पाएका हुन् । सन्त बहादुरको परिवारले केही रकमको इन्तजाम गर्न सकेको भए गोबधको अपराधबाट उनले पनि सफाइ पाउँथे होला । उनका परिवारले मागिएको रमम जुटाउन सकेनन् । उनी गोबधको अपराधमको अभियोगमा दण्डित हुन वाध्य भए । सुकुम्बासी बस्तीमा भाडा घरमा बसी मेहनत मजदुरी गरेर परिवारको साँझ बिहानको छाक जुटाउने घरमूली सन्त बहादुर राना मगर नै जेल परे पछि बेसहारा बनेको उनको परिवार अन्ततः आफ्नै आफन्तीको आश्रय खोज्दे बम्बई पुगेको थियो । सन्त बहादुरको परिवार लाखापाखा भएको थियो ।

निश्चित रुपमा सन्तबहादुर राना मगर गोबधको अपराधमा संलग्न थिए । तर गोबध उनको इच्छा वा निर्णयको आधारमा भए गरिएको भने थिएन । भएको के थियो पनि उनकै घरमा पालेको गाईको बाच्छोको बध गरिएको थियो । मारिएको गाईको बाच्छो खुदै सन्त बहादुर राना मगरको भने थिएन । उनले छिमेकी शिब बहादुरको आग्रहमो गाईको बाच्छो आफ्नो घरमा ल्याएर पालेका थिए । खास गरी मन बहादुर मगर कै जोर बलमा उनी गाईको बाच्छो काटेर खान तयार भएका हुन् ।

सन्तबहादुर राना मगर भूतपूर्व माओवादी थिए । उनी जनमुक्ति सेनामा प्रवेश गरेर अर्घाखाँची, पाल्पा म्याग्दी लगायतका कैयौं युद्ध मोर्चामा सक्रियतापूर्वक हिस्सा समेत लिएका थिए । त्यतिबेला भूमिगत माओवादीहरूले गाई गोरु भैसी रांगा जे पाइन्छ मारेर खाने गरेका थिए । यहाँसम्म कि उनीहरूले कसैले मरेर गाडेको गाई गोरु भैसीको सिनो भेटे भने त्यो पनि खनेर खोस्रेर बाहिर निकाली भतेर लाएर खाएका थिए । शायद यो उनीहरूको चाहनाभन्दा पनि आवश्यकता भएको थियो । बाध्यता भएको थियो । सरकारको उदी थियो माओवादी प्रभावित क्षेत्रमा खाने लाउने कुनै कुरा नलैजानु । भारतले नेपालमाथि नाकाबन्दी लगाए जस्तै तत्कालीन नेपाल सरकारले माओवादी प्रभावित क्षेत्रमा नाकाबन्दी लगाएको थियो । त्यतिबेला माओवादीहरूले मात्र होइन त्यहाँ बसोबासो गर्ने सर्व साधरण जनताले समेत आफू ढुंगे युगमा भएको अनुभूति गरेका थिए । पत्र पत्रिका समेत यस्ता कुरा पढ्न पाइन्थ्यो ।

सुरक्षाकमीको कडा निगरानी रहेको हुनाले ब्यापारीहरूले माओवादी प्रभावित क्षेत्रमा खाद्य बस्तुका साथसाथै कपडा लत्ता जुता मोजा लैजाने हिक्मत गर्दैनथे । यो खतरनाक काम थियो । माओवादीलाई चामल दाल बिक्री गरेको आरोपमा व्यापरी समेत सुरक्षाकमीको गोलीबाट मारिने समेतका घटना घटेका हुनाले माओवादी प्रभावित क्षेत्रको नाकाबन्दी भारतले नेपालमाथि लगाएको नाकाबन्दीभन्दा हजार गुना कडा थियो । शायद यही भएर पनि होला माओवादीहरू भोकको आगो निभाउन पनि गाई गोरु भैंसी रांगा जे भेट्दछन् मारेर खान थालेका थिए । त्यतिबेला उनीहरूले सरकारको कुनै कानून नमान्ने हुनाले पनि कुन कुरा कानूनले बैद्य मान्दछ कुन अवैद्य त्यससित उनीहरूको कुनै सरोकार हुँदैनथ्यो । फेरि त्यतिबेला उनीहरूको आफ्नै कानून थियो । आफ्नै सरकार थियो । आफ्नै अड्डा अदालत थिए । जन अदालत थिए ।,आफ्नै शासन् थियो । त्यतिबेला निश्चित ठाउँहरूमा माओवादीहरूको राज नै थियो ।

यही भएर पनि सन्त बहादुर राना मगरलाई गोबध असहज कुरा जस्तो लागेको थिएन । एक रात मन बहादुर पुन मगर र उनको छिमेकी धन बहादुर सार्कीले उनले पालेको गाईको बाच्छो चुपचाप काटेर खाउँभन्दा उनले बिरोध जनाउन सकेनन् । उनीहरूले योजना बनाएर सुकुम्बासी बस्तीका केही छिमेकीलाई समेत सामेल गराई गोबध गरे ।

सन्त बहादुरलाई गोबध गर्न उक्साउनेमध्येका मन बहादुर पुन मगर ६ बर्ष जति शिलाङ बसेर नेपाल फर्केका हुन् । उनले शिलाङमा ६ बर्षसम्म लगातार शरीरभरि रगत र पसिन्ाका धारा चुहाउँदै गोरुको मासु बोकेका थिए । पशुबधशालाबाट गोरुको मासु डोकामा बोकेर बडाबजारसम्म पुराउँदा उनको शरीरबाट प्राण फुस्केला जस्तो हुन्थ्यो । ती दिन सम्झिंदा अहिले पनि मन बहादुर पुन मगरेको आङ जिरिङ्ग गर्दछ । शिलाङको सलटरिङ हाउसमा दिन दिनै दर्जनौ गाई गोरु काटिन्थे र बिफ बोक्ने अधिकांश मजदुर नेपाली नै हुन्थे । मन बहादुरले विफ खान शिलाङमा नै थालेका हुन् । नेपाल फर्के पछि भने उनले गोरुको मासु चाख्न पाएका थिएनन् । सुँघ्न पाएका थिएनन् ।

सुकुम्बासी बस्तीमा मन बहादुरको हैसियत सम्बन्धित निकायमा पैसाको बुझो लगाएर बाहिर निस्किने त अवश्य थिएन । तर पनि उनका आफन्तीले चन्दा उठाएर भए पनि पैसाको जोहो गरी उनलाई सफाई दिलाएर जेलमुक्त गराएका थिए । सन्त बहादुरहरूले हरैयाको जंगलमा रातिको बेलामा अत्यन्त गोप्य रुपमा गोबध गरेको भए पनि अन्ततः कुरा प्रहरीको कानसम्म पुग्यो । शिव बहादुरले पाल्न दिएको गाईको बाच्छो सन्तबहादुरहरूले मारेर खाएको चाल पाए पनि उनी चुपचाप किन पनि बसेको थिए भने उनलाई लागिरहेको थियो गोबध जस्तो गंभीर अपराधको खुलासा भयो भने लहरो तान्दा पहरो समेत गर्जिन सक्दछ । तर पनि कुनि कताबाट कुरो एक कान दुई कान हुँदै पुलिसको कानसम्म पुग्यो । पुलिस उनको दैलोमा आयो र उनलाई जाहेर दिन लगायो । पुलिसको दबाबमा परेर नै शिबहादुरले गोबधको सम्बन्धमा पुलिसमा जाहेरी दिएका थिए । जाहेरी पनि पुलिसले आफै तयारी पारेको कागज थियो । शिवबहादुरले त जाहेरी दरखास्त नपढी प्रहरीले जहाँ जहाँ सही छाप गर्न भन्छ त्यहीं त्यही सही छाप गरिदिएका थिए । जाहिरी पर्नासाथ सन्तबहादुर, मन बहादुर लगायतका गाउँका केही युवकहरू पक्राऊ परे । केही राता रात फरार भए । पक्राउ परेका मध्ये केहीलाई भने सामान्य सोधपुछ पछि प्रहरीले छोडिदिएको थियो । बाँकीमाथि गोबधको मुद्दा चल्यो । अन्ततः मन बहाद्र सफाई पाएर बाकाइदा थुनामुक्त भए पनि सन्त बहादुर मागिएको ठाउँमा मुख बुझो लगाउन नसकेको हुनाले गोबधका अपराधमा दण्डित हुन वाध्य भए । कैद हुन वाध्य भए ।

जाहेरवाला शिव बहादुरले प्रहरीको दबाबमा सन्त बहादुर र मन बहादुरका साथसाथै धन बहादुर दल बहादृर र बल बहादुर माथि किटानी जाहेरी दिएका थिए । धन बहादुर दल बहादुर र बल बहादुर फरार भएका हुनाले उनीहरू प्रकाउ परेनन् । शिव बहादुरले पुलिसको दबाबमा पुलिसले नै तयार पारेको जाहेरी दरखास्त दिएको भए पनि अदालतमा बयान दिंदा भनेका थिए सन्तबहादुर र मन बहादुरहरूले गोबध गरेको नदेखेको, कसले गोबध गऱ्यो त्यसको जानकारी उनलाई नभएको प्रहरीको दवाबमा परेर नै प्रहरीले नै तयार पारेको जाहेरी दर्खास्तमा सही छाप लगाएको मात्र हो ।

गोबधको अपराधमा जेल परेका सन्त बहादुर सबभन्दा बढी आक्रोशित आफ्नै माओवादी पार्टीसित हुन गएका थिए । आफ्नै पार्टीका नेतासित भएका थिए । माओवादी शान्ति प्रक्रियामा आएपछि उनको परिवार केही समय त माओवादीले युद्धकालमा कब्जा गरेको जमिन्दारको जग्गामा ढुक्कसित बसोबासो बसिरहेको थियो । तर पछि माओवादीले कब्जा गरेको जमीन जमीन्दारलाई फिर्ता गरिदिए पछि उनी सुकुम्बासी बस्तीमा भाडाको छाप्रामा गुजारा चलाउन वाध्य भएका थिए ।

अनमिनले उनलाई अयोग्य ठहर गरिदिएको हुनाले उनी नेपाली सेनामा भर्ती हुन पनि सकेनन् । सरकारले दिएको दुई चार पैसाले परिवार चलाउन संभव थिएन । तैपनि उनले मेहनत मजदुरी गरेर परिवारका मुखमा जसरी तसरी माड पारिरहेका थिए । सन्त बहादुर आफ्नो पार्टी र खास गरी आफ्ना नेताहरूसित किन पनि आक्रोशित थिए भने आफ्नो पार्टीको सरकार हुँदा पनि उनलाई जेलबाट छुटाउन कुनै पहल गरेन । उनको परिवार लाखापाखा भयो । उनको केही गर्छु भन्ने उमेर जेलमा नै बित्ने भयो । उनलाई के पनि लागिरहेको थियो भने उनी पकडाउ परको बेलामा पार्टीले पैसा जुटाइदिएको भए उनले अदालतबाट सफाई पनि पाउन सक्दथे । उनी मन बहादुर पुन मगर जस्तै जेलबाट सफाई पाएर छुट्न पनि सक्दथे ।

कारागार भनेको ठाँटी पौवा जस्तो ठाउँ पनि हो । ठाँटी पौवामा कैयौं यात्रीहरू आउँछन् । जान्छन् । यति हो ठाँटी पौवामा बास बस्न आउने यात्रीहरू एक दिन वा एक रात बसेर जान्छन् । तर कारागारमा आउने जाने यात्रीहरू एक दुई दिन एक दुई महिना एक दुई बर्ष वा आजीवन नै बास बस्न पनि सक्दछन् ।जब कारागारमा कोही नयाँ पाहुना आउँछ उसको निकै धेरै खातिरदारी हुँदो रहेछ । उसको निकै धेरै सोधी खोजी हुँदोरहेछ । ऊ को हो ? ऊ कहाँबाट आयो ? ऊ कस्तो मान्छे हो ? उसमाथि के अभियोग लागेको छ ? उसले कस्तो सजाय भोग्दै छ । ऊ कारागारमा कति दिनको अतिथि हो ?

हर्कबहादुर भर्खर भैरहवामा कारागारमा कैदीहरूको पाहुना हुन आएको थियो । उसले कारागारमा पाइला राख्नासाथ कैदीहरूले उसको कसुरबारे जानकारी लिन चाहे । जेलमा उसको एक प्रकारले अन्तरबार्ता जस्तो भयो । थाहा भयो ऊ पनि सन्तबहादुर राना मगर जस्तै गोबधको आरोपमा पकडाउ परेर जेल चलान गरिएको रहेछ । सन्त बहादुर र हर्क बहादुर दुबै जना गोबधका आरोपमा जेल परेको हुनाले उनीहरूबीच दोस्ती बढ्नु स्वाभाविक नै थियो । उनीहरूबीच आत्मीयता बढ्नु स्वाभाविक नै थियो ।

हर्क बहादुरसित हात मिलाउँदै सन्त बहादुरले भने- तिम्रो गोबधको अपराध प्रमाणित भयो भने त तिमी पनि म जस्तै बाह्र बर्ष कारागारको पाहुना बन्ने होला होइन ?

जबावमा हर्क बहादुरले केही हर्षित हुँदै भन्यो - होइन होइन ममाथि लागेको गोबधका आरोप प्रमाणित भयो। भने पनि मलाई तीन बर्षभन्दा बढी कैदको सजाय हुन सक्दैन । नयाँ मुलुकी ऐन (नयाँ फौजदारी संहिता ऐन)ले गोबधको कसुरमा तीन बर्षभन्दा बढी कैद बस्नु पर्दैन ।

तिमी त निकै भाग्यमानी रहेछौ हर्कबहादुर । तिमीमाथि लागेको गोबधको आरोप ठहरे पनि तिमीलाई तीन बर्षभन्दा बढी जेल बस्न पर्दोरहेनछ । तिमी त मभन्दा पहिले नै जेलबाट छुट्ने रहेछौ ।

हर्क बहादुरको अनुहारमा मोनालिसाको जस्तो नजानिंदो मुस्कान छरिए पनि सन्त बहादुर राना मगरेको अनुहारमा भने खिन्नता देखिन्थ्यो । शायद उनी सोचिरहेका थिए उनलाई भाग्यले जताततै ठगेको छ । यस्तो कानुन पहिले बनेको भए त उनी यतिबेला जेलमुक्त भैसकेका हुन्थे । आफ्नो बिचल्ली परेको परिवारको सम्पर्कमा पुगिसकेका हुन्थे । परिवारको उद्धार गर्न सक्दथे । उनलाई आफ्नोभन्दा पनि बढी चिन्ता आफ्नो परिवारको भइरहेको थियो ।

कविता

## झूट बोल्ने छुट छ



● प्रेम ओली
(ढकलपुरे)

विदेश गएको श्रीमानको श्रीमतीले
दिउँसो फोनमा बूढोलाई आइ लब यू भन्छे
साँझ आइ लब यू भन्दै अर्केको गर्लफ्रेन्ड बन्छे
एउटा भाले बिहान एउटीको बोयफ्रेन्ड बन्छ
दिउँसो अर्कीलाई च्यापेर मेरी डार्लिङ भन्छ
यहाँ जति झूट बोले पनि छुट छ
झूटो बोल्नेलाई न पुलिसले थुन्छ न कसैले कुटछ
कुटने भए कति नेताका बङगारा झर्थे झर्थे
बङगारा झर्ने भए झूट बोल्न कसले आँट गर्थे ?

आजसम्म झूट बोल्ने कोही जेलमा पऱ्या छन् ?
नेता जति सबै जसो यही झूटको पुच्छर समाएर
चुनावको बैतर्नी तऱ्या छन्
यदि झूट बोल्ने जेल पर्ने भए को नेता बाहिर हुन्थे
सबलाई लगेर पोलिसले खोरभित्र थुन्थे
पोलिस पनि झूट नबोल्ने हो र
काठमाडौंमै भाको अपराधीलाई झापातिर छ भन्छ
आफ्नै अगाडि पछाडिको अपराधी नदेखेर कति अन्धा बन्छ !!
झूट बोलेको कुरा, झूट बोल्नेलाई पनि थाहा छ
सुन्नेलाई पनि थाहा छ
तर पनि फेरि उसैलाई पत्याउँछौं, भोट दिन्छौ
भन्नुस् यस्तो गजब देश संसारमा कहाँ छ ?
झूटमा पनि गुट, उपगुट छ
झूटझूटमा कुरो नमिलेर कति फुट्छ
एउटा पार्टीले अर्काको झूट खोल्या छ
अर्को पार्टी अर्कोलाई झूटा भनेर पोल्या छ
यो झूटैझूटमा फस्दा पनि, धन्न देश चल्या छ
सागर नभा देशमा पानीजहाजको कुरा आउँछ
टुकटुके रेल नचलेको देशमा बुलेट ट्रेनको धाक लाउँछ
तीन बर्ष आउने मेलम्ची तीस बर्षमा बल्ल बल्ल आउँछ
अब बीस बर्षमा आउने रेल भन्नुस त कहिलेसम्म आउँछ ?
जनता पनि यति बाठो कि
त्यै झूट बोल्नेलाई जिताएर सत्य बोल्नेलाई हराउँछ ।
भन्छन् धर्तीमा झूट बोले स्वर्गमा हिसाब हुन्छ
कस्ले देखेको छ त्यहाँ यसको निसाव हुन्छ ?

# समाचार संक्षेप

## सवारी दुर्घटनामा परी २ जनाको मृत्यु

काठमाडौं । धादिङ, थाक्रे गाउँपालिका-१ खयरघारीस्थित सडकमा प्रदेश नम्बर ३-०२-००७ प ९८९१ नम्बरको मोटरसाइकल आफैँ अनियन्त्रित भई सडकबाट करिब ३० मिटर तल खसेर आइतबार दिउँसो दुर्घटना हुँदा मोटरसाइकलमा सवार धुनबेसी नगरपालिका-७ बस्ने २२ वर्षीय श्रीजन पाठकको घटनास्थलमै मृत्यु भएको छ । साथै दुर्घटनामा घाइते भएका मोटरसाइकल चालक धुनिबेशी नगरपालिका-७ बस्ने २२ वर्षीय किशोर गिरिलाई स्थानीय मेडिकल हुँदै थप उपचारको लागि ट्रमा सेन्टर काठमाडौंतर्फ पठाइएको छ ।

उदयपुर, चौदण्डीगढी नगरपालिका-५ सुन्दपुरस्थित सडकमा स.१० प ८७९८ नम्बरको मोटरसाइकलले प्र १-०२-००१ क ३८९६ नम्बरको टिपरलाई ओभरटेक गर्नेक्रममा टिपरसँग ठक्कर खाई आइतबार बिहान दुर्घटना हुँदा मोटरसाइकल चालक त्रियुगा नगरपालिका-१ जोगिदह मैना बस्ने २६ वर्षीय गंगाराम चौधरीको घटनास्थलमै मृत्यु भएको छ । साथै दुर्घटनामा घाइते भएकी मोटरसाइकलमा सवार गंगारामकी श्रीमती २५ वर्षीया संगिता चौधरीको विराटनगर न्यूरो अस्पतालमा उपचार भइरहेको छ । टिपर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

## डुबेर मृत्यु

काठमाडौं । नवलपरासी (पूर्व), मध्यविन्दु नगरपालिका-१ सेतापानीस्थित नवलपुर इँटा भट्टाभित्रको पानीको खाल्डोमा डुबेर सोही इँटा भट्टामा काम गर्ने कैलाली जोसिपुर गाउँपालिका-६ घर भएका सुरेश चौधरीकी छोरी २ वर्षीया जेनिसा चौधरीको आइतबार दिउँसो मृत्यु भएको छ । इँटा भट्टामा खेल्नेक्रममा उक्त खाल्डोभित्र डुबेर अशक्त भएकी उनको मध्यविन्दु जिल्ला अस्पताल डण्डामा उपचारको क्रममा मृत्यु भएको हो ।

पाल्पा, रामपुर नगरपालिका-४ सदाबर्त बस्ने ७८ वर्षीय धन बहादुर सार्कीको सोही ठाउँस्थित कुलोमा डुबेर आइतबार बिहान मृत्यु भएको छ । घरबाट करिब १ सय मिटर टाढा रहेको खेतमा पानी लगाउने क्रममा कुलोमा डुबेर अशक्त अवस्थामा फेला परेका उनको रामपुर अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो ।

## मृत अवस्थामा फेला

काठमाडौं । काठमाडौं, कीर्तिपुर नगरपालिका-६ स्थित रोबो इन्जिनियरिङ सोलुसन् प्रालीको कम्पाउण्डभित्र हाल नाम, थर, वतन नखुलेका करिब ३५ वर्षीय पुरुष आइतबार मृत अवस्थामा फेला परेका छन् ।

रुपन्देही, मायादेवी गाउँपालिका-३ हर्नामपुर बस्ने २३ वर्षीया सविता धोवी आफ्नै घरबाट करिब १ सय मिटर टाढा रहेको खडवा नालाको किनारामा आइतबार मृत अवस्थामा फेला परेकी छन् । काभ्रे, पनौती नगरपालिका-५ बाँसघारी बस्ने ३५ वर्षीय इन्द्र बहादुर श्रेष्ठ आफ्नै घरमा आइतबार मृत अवस्थामा फेला परेका छन् ।

यसैगरी काभ्रे, पाँचखाल नगरपालिका-९ स्थित भगवतिथान बस्ने ६० वर्षीय बिष्णु राई आफ्नै घर नजिकै बारीमा आइतबार मृत अवस्थामा फेला परेका छन् ।

जुम्ला, चन्दननाथ नगरपालिका-५ बस्ने ५० वर्षीय भिम बहादुर सुनार सोही ठाउँस्थित रविन्द्र होटलमा सुतेकै ठाउँमा आइतबार मृत अवस्थामा फेला परेका छन् । उक्त होटलमा सुतेका उनी बिहान अवेरसम्म नउठेपछि गई हेर्दा शव फेला परेको हो ।

## सवारी दुर्घटनामा परी ३ जनाको मृत्यु

काठमाडौं । काठमाडौं महानगरपालिका-३२ जडिबुटीमा प्रदेश ०३ -००१ ख २०१७ नम्बरको ट्रकले प्रदेश ०२-०२६ प ८७६६ नम्बरको स्कुटरलाई शनिबार दिउँसो ठक्कर दिँदा स्कुटरमा सवार सोही महानगरपालिका-१६ नयाँबजार बस्ने ६० वर्षीया मथुरा मानन्धरको मृत्यु भएको छ । ठक्करबाट गम्भीर घाइते भएकी उनको राष्ट्रि य ट्रमा सेन्टरमा उपचारको क्रममा मृत्यु भएको हो । ट्रक चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

सर्लाही, ईश्वरपुर नगरपालिका-१२ बाँके जङगलस्थित सडकमा हाल नम्बर नखुलेको सवारी साधनले ना.३४ प ७०२१ नम्बरको मोटरसाइकललाई शनिबार राति ठक्कर दिँदा मोटरसाइकलमा सवार लालबन्दी नगरपालिका-७ बस्ने ५७ वर्षीय भिम गुरुङको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको जिल्ला अस्पताल मलंगवामा उपचारको क्रममा मृत्यु भएको हो । घाइते भएका मोटरसाइकल चालक लालबन्दी नगरपालिका-३ बस्ने ४२ वर्षीय जितन चौधरीको लालबन्दी मोडेल अस्पतालमा उपचार भइरहेको छ ।

नवलपरासी (पश्चिम), रामग्राम नगरपालिका-१ निलोगेटस्थित सडकमा लु.२ ख ४०५५ नम्बरको बसको ठक्करबाट पैदलयात्री सोही नगरपालिका-३ बस्ने ३५ वर्षीया कमला रेग्मीको आइतबार बिहान मृत्यु भएको छ । ठक्करबाट गम्भीर घाइते भएकी उनको जिल्ला अस्पताल परासीमा उपचारको क्रममा मृत्यु भएको हो । ठक्करबाट घाइते भएका अन्य ३ जनाको सोही अस्पतालमा उपचार भइरहेको छ । हाल फरार बस चालकको प्रहरीले खोजी गरिरेहेको छ ।

नियात्रा

# स्मृतिको क्यानभास–४

✍ रामप्रसाद पन्त

त्यो कसको पालमा लेखिएको थियो कुन्नि ! अहिलेका मुख्यमन्त्री थिए हरिश रावल । गाडी कतै नरोकिएर अगाडी बढेको थियो । मैले दृष्टिगोचर गर्दै थिएँ– देहरादूनमा त्यति अग्ला घरहरू बनेका रहेनछन् र त्यति स्वच्छ, सुन्दर र आकर्षक सहरमा रुपान्तरित हुन पनि सकेको रहेनछ देहरादून ।

गाडीले हामीलाई बलभद्र, खलङ्गा युद्ध स्मारक सन् १८१४ ई. नालापानी' लेखिएको स्मारकको द्वारमा पुऱ्याएर ओरालिदियो । त्यहीँ नजिकै अर्को एउटा बोर्ड थियो । त्यसमा लेखिएको थियो– प्रत्नकीर्ति मया वृणु, राष्ट्रिय संरक्षित सङ्ग्राहलय कालुंग्र (खलंगा) स्मारक, भारतीय पुरातत्व सर्भेक्षन, देहरादून मण्डल, अधिसूचना – १९२० ।

भित्रपट्टि पार्क थियो र एक छेउमा समान आकारका, समान आकृतिका दुईवटा स्तम्भ सँगसँगै ठडिएका थिए । सन् १८१४-१६ को नालापानी युद्धको बेला गोर्खा सैनिकको नेतृत्व गरिरहेका वीर बलभद्र कुँवरले अँग्रेज सेनापति जनरल जिलेस्पीको हत्या गरेपछि अँग्रेजहरूमा कोलाहल मच्चिएको थियो ।

करिब छ सय फौज (गोर्खाली सेना र कुमाउँ गडवालबाट भर्ना गरिएका)को नेतृत्व गरिरहेका बलभद्रले ३ हजार ५ सय(१ हजार अँग्रेज र २५०० भारतीय ब्रिटिस सेना)को नेतृत्व गरिरहेका जनरल जिलेस्पीलाई वीरगति प्रदान गर्नु सानो वीरताको सूचक थिएन । त्यसैमा पनि अँग्रेज सेनाको तोप-गोला, बम-बन्दुक जस्ता अत्याधुनिक शस्त्रास्त्रसँग गोर्खाली सेनाको खुकुरी, तरबार, गुलेली र ढुङ्गासँग के प्रतिस्पर्धा हुन सक्थ्यो ! यति हुँदाहुँदै पनि गोर्खाली सेनाले अतुलनीय सौर्य र पराक्रम प्रदर्शन गरे । यसको कदरस्वरुप अँग्रेजले जनरल जिलेस्पी




र बलभद्र कुँवरको सम्झनामा सँगसँगै दुईवटा स्मारक खडा गऱ्यो । शत्रुसेनाको नाइकेलाई सम्मान गरी यसरी स्मारक बनाइएको घटना इतिहासमा बिरलै पाइन्छ । त्यो काम गरेर अँग्रेज सरकारले उदार भावनाको एउटा नमुना प्रस्तुत गरेको थियो । सायद अँग्रेज सरकार वीरभद्रको वीरताप्रति लडाइँ हुनुअगाडि नै परिचित थियो । त्यसै भएर अँग्रेज सरकारले भलभद्रलाई गडवालको गभर्नर बनाउने लोभ पनि देखाएको थियो । तर राष्ट्रप्रेमी बलभद्रले अँग्रेजको चाहना पूरा गरिदिएनन् ।

तर अहिले ती जोडीस्तम्भहरू संरक्षण विहीन अवस्थामा देखिँदै थिए । कतै उप्किएको, कतै भत्किएको रङ्गरोगन विहीन अवस्थामा ती स्तम्भहरू देखेर मैले भूपेन्द्रजीलाई प्रश्न गरेको थिएँ । उहाँको भनाइले मलाई आफ्नै देशको पुरातात्विक दुर्दशा सम्झन बाध्य बनाएको थियो । पुरातात्विक सम्पदाको संरक्षण गर्ने सवालमा हाम्रो जस्तै रहेछ भारतीय प्रक्रिया पनि । पुरातत्वले जिम्मा लिने हो कि गुठीले ? राज्य सरकारले जिम्मा लिने हो कि स्थानीय




निकायले ? यस्तै अन्यौलै अन्यौलमा पुनरुद्धार हुन सकेको रहेनछ त्यो जोडी स्तम्भ । जोडीस्तम्भ सँगै एउटा शिलालेख यसरी सजिएको थियो–

यसपछिको पालो थियो– खलङ्गा नालापानी एङ्ग्लो गोर्खा वार मोनुमेन्ट (खलङ्गा युद्धस्मारक) हेर्ने ।

त्यहाँबाट करिब पाँच माइलको दूरीमा नालापानी गाउँको पहाडी जङ्गलमा खलङ्गा युद्धस्मारक अवस्थित छ भन्ने हामीले थाहा पाइसकेका थियौं । तसर्थ हामी सहस्रधारा रोड हुँदै नालापानी गाउँमा पुग्यौं र नालापानीद्वारबाट छिरेर जङ्गलतर्फ उकालो लाग्यौं ।

(क्रमशः)

# कहिले रोकिएला मध्यपूर्वको हिंसा ?



विष्णु भट्टराई

मध्यपूर्व अर्थात् पश्चिम एसिया अहिले पनि तनावग्रस्त छ। चिरपरिचित प्रतिद्वन्द्वी राष्ट्र इजरायल र प्यालेस्टाइनबीच युद्ध जारी छ। इजरायलले प्यालेस्टाइनमाथि अमानवीय सैन्य कारबाही गरेर निहत्था नागरिकहरूको हत्या गरिरहेको छ। प्यालेस्टाइनले युद्ध लडेको छैन। तर त्यहाँको हमास समूहले एक्लै शक्तिशाली इजरायलसँग युद्ध लडिरहेको छ। तर इजरायलले भने जवाफी कारबाही



भन्दै प्यालेस्टाइनी राष्ट्रपति मोहम्मद अब्बासलाई नै निशाना बनाइरहेको छ। इजरायलले प्यालेस्टाइनी राष्ट्रपति भवन वरपर शक्तिशाली बम विस्फोट गराएर आतंक मच्चाइरहेको छ।

यसअघि सन् २०१२ को नोभेम्बरमा इजरायल र प्यालेस्टाइनबीच ८ दिने भीषण युद्ध भएको थियो। इजरायली सेनाले गरेको हवाई कारबाहीमा प्यालेस्टाइनी हमासका सैन्य प्रमुख अहमद जावरी मारिएपछि सुरु भएको युद्धमा १ सय ६५ प्यालेस्टाइनको ज्यान गयो भने हजारभन्दा बढी घाइते भएका थिए। इजरायली सेनाको भीषण बमबारी र क्षेत्रयास्त्र आक्रमणबाट गाँजा क्षेत्रस्थित हमासको प्रशासनिक मुख्यालयदेखि थुप्रै भौतिक संरचना क्षतिग्रस्त भए। हमासले गरेको रकेट प्रहारबाट ५ इजरायली मारिए। युद्धले डरलाग्दो रुप लिने खतरा बढेपछि अमेरिका, संयुक्त राष्ट्रसंघ र छिमेकी इजिप्टको प्रयासमा क्षणिक युद्धविराम भयो। तर त्यो युद्धविराम शान्तिमा परिणत हुन सकेन। पुनः युद्ध भड्कियो। यसअघि पनि सन् २००८ डिसेम्बरदेखि सन् २००९ जनवरीमा ३४ दिने युद्ध भएको थियो। त्यस युद्धमा ४ हजार प्यालेस्टाइनीको मृत्यु भएको थियो। पछिल्लो ८ दिने युद्धले प्यालेस्टानीहरूमा देखिएको आक्रोशको आगोमा 'अराफत मृत्यु प्रकरण' ले आगोमा घिउ थप्ने काम गऱ्यो।

सन् २००४ मा निधन भएका प्यालेस्टाइनी नेता यासेर अराफतलाई इजरायलले षड्यन्त्रमूलक ढंगले विष खुवाएको भन्ने आरोपका सम्बन्धमा गाडिएको शव उत्खनन गरी छानबिन गरियो। यो घटनाले प्यालेस्टाइनीहरूलाई इजरायलप्रति थप सशंकित एवं आक्रोशित बनाएको छ। प्यालेस्टाइन छुट्टै राज्य मुक्तिका लागि आजीवन संघर्ष गरेका, ३५ वर्षसम्म प्यालेस्टाइनी मुक्ति संगठनको नेतृत्व गरेका र सन् १९९६ मा प्यालेस्टाइनी प्राधिकरणको राष्ट्रपति समेत बनेका अराफतले प्रयोग गरेका सामग्रीमा कोलिनियम २१० नामक हानिकारक पदार्थ फेला पऱ्यो। त्यसपछि थप अनुसन्धान गर्न स्वीट्जरल्यान्ड, फ्रान्स र रुसका विशेषज्ञहरूको टोलीले अराफतको शव उत्खनन गरी नमुना संकलन गऱ्यो। अराफतकी धर्मपत्नी सुभाले विष खुवाएर आफ्ना श्रीमानको इजरायलले हत्या गरेको आरोप लगाइन्। उनले लगाएको यो आरोप अनुसन्धानबाट पुष्टि भयो भने यस प्रकरणले अकल्पनीय रुप लिन सक्ने सम्भावनालाई अस्वीकार गर्न सकिँदैन। तर इजरायलले भने सो आरोप अस्वीकार गर्दै सुरु गरिएको अनुसन्धान कार्यलाई बेकार भनिरहेको छ।

इजरायल र प्यालेस्टाइनबीचको युद्ध र विवादको इतिहास निकै लामो छ। अत्यन्तै जटिल र कठिन यो विवाद मिलाउन गरिएका हजारौं प्रयास असफल भएका छन्। आफ्नो भूमिमा शरणार्थी जीवन बिताइरहेका प्यालेस्टाइनीहरू र त्यहाँको नेतृत्वले आफ्नो स्वतन्त्रतालाई जीवन मरणको विषय बनाइरहेको छ। अन्तिम विकल्पका रुपमा प्यालेस्टाइनलाई १९४ औं स्वतन्त्र राष्ट्र घोषणा गर्ने भनी प्यालेस्टानी राष्ट्रपति मोहम्मद अब्बासले राष्ट्रसंघको ६६ औं महासभामा प्रस्ताव गरेका थिए। तर अमेरिकाले प्यालेस्टाइनको स्वतन्त्रतालाई भन्दा इजरायली सुरक्षालाई प्राथमिकता दिएकाले यो प्रस्ताव कमजोर सावित भयो। यो प्रस्तावका विषयमा अमेरिका र युरोपेली राष्ट्रहरू विभाजित भए। केही युरोपेली राष्ट्र प्यालेस्टाइनलाई स्वतन्त्रता दिनुपर्छ भन्ने पक्षमा उभिए कोही विरोधमा। स्वतन्त्र राष्ट्रको प्रस्तावको विरोधमा रहेको अमेरिकाले इजरायलसँग सार्थक वार्ता गरेर यसको दिगो समाधान गर्ने पक्षमा दबाब दियो।

आफ्नै भूमिमा अन्यायपूर्ण तरिकाले शरणार्थी बनाइएका प्यालेस्टाइनीहरूलाई स्वतन्त्र मुलुकको स्वतन्त्र नागरिकको मान्यता दिनुपर्ने पक्षमा विश्वको ठूलो जनमत देखिएको छ। राष्ट्र संघमा प्यालेस्टाइनी प्रस्तावका सम्बन्धमा भएको मतदान परिणामले पनि त्यही कुरालाई प्रमाणित गऱ्यो। सन् २०१२ को नोभेम्बर २९ मा भएको मतदानमा राष्ट्रसंघका १९३ सदस्य राष्ट्रमध्ये १३८ ले प्रस्तावको पक्षमा मतदान गरे। अमेरिका, इजरायल लगायत ९ राष्ट्रले विपक्षमा मतदान गरे। ४१ राष्ट्र तटस्थ बसे। यो परिणामलाई स्वीकार गर्ने हो भने राष्ट्र संघले प्यालेस्टाइनलाई १९४ औं स्वतन्त्र राष्ट्रको मान्यता दिनुपर्ने थियो। तर महाशक्ति राष्ट्र अमेरिका र इजरायलका दबाब कारण राष्ट्र संघले प्यालेस्टाइनलाई स्वतन्त्र राष्ट्रको मान्यता दिन सकेन। यसबाट संयुक्त राष्ट्रसंघ पनि अमेरिकाका अघि निरीह सावित भएको छ।

अहिले गाँजा क्षेत्रका हजारौं सर्वसाधारणको ज्यान सबभन्दा बढी खतरामा परेको छ। इजरायलको तुलनामा प्यालेस्टाइनी कमजोर छन्। इजरायलले प्यालेस्टाइनमाथि दमनचक्र चलाएपछि अहिले प्यालेस्टाइनी पूर्ण संघर्षमा छन्। यो पछिल्लो संघर्षमा प्यालेस्टाइनतर्फ विगतका संघर्षमा जस्तै व्यापक जनधनको क्षति भएको छ। तर प्यालेस्टाइनी हमासले जतिसुकै मूल्य चुकाउनु परे पनि इजरायलसँग दबिएर नबस्ने चेतावनी



दिँदै आएको छ। अमेरिकी राष्ट्रपति बाराक ओबामा र संयुक्त राष्ट्र संघका महासचिव वान कि मुनले इजरायलली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुलाई फोन गरी तत्काल युद्धविराम गर्न आग्रह गरे। तर उनले मानेनन्। जसले गर्दा आज प्यालेस्टाइनमा रगतको खोलो बगिरहेको छ। निहत्था सर्वसाधारण गाँजाबासी



मारिइरहेका छन्। बाँचेका घाइते भएका छन्। आतंक र अराजकताले सीमा नाघेको छ। बालबालिका, महिला, ज्येष्ठ नागरिक, अपांगता भएका, असहाय सबैभन्दा बढी युद्धले पीडित बनेका छन्। घर छोडेर ज्यान जोगाउन भागेका गाँजाबासीले सुरक्षित ठाउँमा पुगेर खान बस्न पाएका छैनन्।

सन् २०१४ जुलाई ८ तारिखदेखि इजरायली सेनाले सुरु गरेको सैन्य



कारबाहीमा दुईतिहाईभन्दा बढी सर्वसाधारण घाइते भएका छन् र उनीहरूको जीवन सबैभन्दा बढी संकटपूर्ण बनेको छ। प्यालेस्टाइनको गाँजा क्षेत्रबाट विद्रोह गरिरहेको त्यहाँको विद्रोही समूह हमासले इजरायली सीमा क्षेत्रमा मारिएका एक प्यालेस्टाइनी युवकको हत्याको बदला लिन इजरायली भूमिमा रकेट प्रहार गरेपछि पछिल्लो युद्ध सुरु भएको हो। हमासको रकेट प्रहारबाट तीन इजरायलीको ज्यान गएको बताइन्छ। त्यसैको बदलामा इजरायलले गाँजा क्षेत्रमा भीषण सैन्य कारबाही सुरु गर्दा प्यालेस्टाइनमा संकट सुरु भएको हो। संघर्षमा हजारभन्दा बढीको ज्यान गइसकेको छ भने हजारौं घाइते भएका छन्। दशौं हजार ज्यान जोगाउन शरण खोजिरहेका छन्। इजरायली प्रधानमन्त्री नेतान्याहुले कसैले भन्दैमा अथवा दबाब दिँदैमा हमास विरुद्धको सैन्य कारबाही नरोकिने बताएका छन्। उनले गाँजा क्षेत्रमा थप भीषण आक्रमण गर्ने चेतावनी दिएका छन्। नेतान्याहुले गाँजाबासीलाई अन्यत्र जान भनेपछि त्यहाँ भीषण मानवीय समस्या आइलागेको छ।

सन् १९४८ मा संयुक्त राष्ट्र संघको मध्यस्थतामा इजरायल अस्तित्वमा आएपछि राज्य गुमाउँदै शरणार्थी बनेका प्यालेस्टाइनीहरूले त्यसयता स्वतन्त्रताका लागि लगातार संघर्ष गर्दै आएका छन्। इजरायलसँगको चरम विवाद र संघर्षका क्रममा हजारौं मानिसले ज्यान गुमाएका छन् भने अरबौंको भौतिक संरचना ध्वस्त भएको छ। इजरायल र प्यालेस्टाइन दुवै पक्षलाई मिलाउन थुप्रै पटक दुईपक्षीय, बहुपक्षीय र अन्तर्राष्ट्रिय प्रयास भए पनि आजसम्म सफल हुन सकेको छैन। यही




कारण परिस्थिति झनै जटिल र भयावह बन्दै गएको छ। इजरायल र प्यालेस्टाइन दुवैको अतिवादी सोच एकले अर्कालाई अविश्वास गर्ने कारण नै समस्याको चुरो बनेको छ। एकले अर्कालाई प्रेमभावको नजरले हेर्ने हो भने त्यहाँ युद्ध अवश्य रोकिन्छ। एकले अर्कालाई विश्वास नगरेसम्म र एकले अर्काको स्वतन्त्र अस्तित्वलाई स्वीकार नगरेसम्म यो समस्याको निदान सम्भव देखिँदैन।

इजरायल हरेक कारणले शक्तिशाली हुँदाहुँदै पनि प्यालेस्टाइनीको समर्थनबिना आफू सुरक्षित हुन कहिल्यै सक्दैन भने इजरायलले नचाहेसम्म प्यालेस्टाइन स्वतन्त्र हुने कुरा कल्पनासम्म गर्न सकिँदैन।

विश्व इतिहासमा पहिले इजरायल नामको कुनै देश थिएन। सन् १९४८ मा यहुदीहरूले प्यालेस्टाइन भूभागमाथि कब्जा जमाई स्वतन्त्र इजरायल राष्ट्रको घोषणा गरे। आफ्नै देशभित्र यसरी प्यालेस्टाइनीहरू घरबारविहीन भए। जब यहुदीहरूले इजरायल नयाँ राष्ट्रको घोषणा गरे, तुरुन्त त्यसलाई अमेरिकाले मान्यता दियो। यसको एउटै कारण थियो- यहुदीहरूलाई शक्तिशाली बनाएर मध्यपूर्वमा अमेरिका शक्तिशाली बन्नु। स्इजरायललाई अमेरिकाले बर्सेनि अरबौं डलर बराबरका अत्याधुनिक हतियारहरू सहयोग गरिरहेको छ। इजरायल मजबुत हुनुको सुरुको कारण अमेरिकी सहयोग नै हो। इजरायलले प्यालेस्टाइनलाई मात्र होइन, अन्य छिमेकी राष्ट्रहरू लेबनान, इरान, जोर्डन, सिरिया समेतलाई तर्साइरहेको छ। त्यसो त इरान त्यस्तो राष्ट्र हो जसले इजरायललाई अहिलेसम्म पनि औपचारिक रुपले स्वतन्त्र राष्ट्र स्वीकार गरिरहेको छैन। प्यालेस्टाइनी हमास समूहलाई लेबनान र इरानले सहयोग गरिरहेको आरोप समेत इजरायलले लगाइरहेको छ। तर इजरायलले इरान र लेबनानमाथि तत्काल आक्रमण गर्ने हिम्मत देखाउन सकेको छैन। हमाससँगको लडाइँमा केन्द्रित रहिरहेको इजरायल इरान र लेबनानसँग पनि शत्रुता मोलेर थप संकट निम्त्याउने पक्षमा देखिँदैन।

## मानवतावादी संघर्षका नायक थिए डेशमन्ड टुटु



दक्षिण अफ्रिकामा रंगभेद अन्त्यका लागि महत्वपूर्ण भूमिका निर्वाह गरेका नोबेल शान्ति पुरस्कार विजेता डेसमन्ड टुटुको ९० वर्षको उमेरमा आइतबार निधन भएको छ। राष्ट्रपति सिरिल रामाफोसाले इसाई आर्क बिसप टुटुको मृत्युको पुष्टि गर्दै 'दक्षिण अफ्रिकाको स्वतन्त्रताका लागि टुटुले उल्लेखनीय सहयोग गरेको' बताएका छन्।

'उनको मृत्यु उत्कृष्ट दक्षिण अफ्रिकीहरूको एक पुस्ताको बिदाइको अध्याय हो,' राष्ट्रपति रामाफोसाले भनेका छन्। उनले टुटु एक प्रतिष्ठित आध्यात्मिक नेता, रंगभेदविरोधी कार्यकर्ता तथा मानवअधिकारका वैश्विक प्रचारक भएको बताए।

नेल्सन मन्डेलाका समकालीन टुटु दक्षिण अफ्रिकामा सन् १९४८ देखि १९९१ सम्म कायम रंगभेदी नीतिको अन्त्य गर्ने आन्दोलनको एक प्रमुख व्यक्तित्व थिए। सन् १९८४ मा नोबेल शान्ति पुरस्कार प्राप्त गरेपछि टुटु देशभित्र मात्र नभई अन्तर्राष्ट्रियस्तरमा समेत लोकप्रिय बनेका हुन्।

सन् १९५३ मा विद्यालयमा रंगका आधारमा विद्यार्थी छुट्याउने कानुन बनेपछि टुटु शिक्षण पेसा छोडेर चर्च पसेका थिए। १९६० मा पादरी बने। सन् १९७६-७८ मा लेसोथोको बिसप, त्यसपछि जोहानेसवर्गका सहायक बिसप बनेका थिए। अर्को वर्ष उनी देशकै पहिलो अश्वेत आर्क बिसप बने।

उनी सन् १९८६ देखि १९९६ सम्म आर्क बिसप थिए। चर्चको प्रभावशाली भूमिकामा रहँदादेखि नै टुटुले दक्षिण अफ्रिकामा हुने अन्याय र अत्याचारविरुद्ध आवाज उठाउन थालेका थिए। उनले आफ्नो व्यक्तित्व, विचार र कार्यका कारण सधैं श्वेत शासकहरूसँग संघर्ष गर्नुपरेको थियो। उनले भने जीवनभर आफ्नो संघर्षको उद्देश्य राजनीतिक नभई धार्मिक भएको बताइरहे। सन् १९९४ मा दक्षिण अफ्रिकाको पहिलो अश्वेत राष्ट्रपति बनेपछि मन्डेलाले अर्को वर्ष उनलाई रंगभेदकालीन समयमा दुवै समूहले गरेका अपराधको अनुसन्धान गर्न गठित सत्य निरूपण आयोगको प्रमुख नियुक्त गरेका थिए। श्वेत नेताहरूले ढाँटेको र अफ्रिकन नेल्सन कंग्रेसले रंगभेदविरुद्धको संघर्षमा मानवअधिकार हनन गरेको उनको आरोपपछि भने दुवै पक्षले आयोगको प्रतिवेदन अस्वीकार गरेका थिए।

रंगभेदी नीतिको अन्त्यपछि दक्षिण अफ्रिकाको बहुजाति मिश्रणलाई सम्बोधन गर्न टुटुले 'इन्द्रेणी राष्ट्र' को नाम दिएका थिए। पछिल्ला वर्षहरूमा भने उनले आफूले देखेको सपनाअनुसार दक्षिण अफ्रिका व्यवहारमा इन्द्रेणी राष्ट्र बन्न नसकेको बताउने गरेका थिए। अफ्रिकी चर्च प्रमुखका रूपमा उनले रंगभेदविरुद्धको अभियानलाई तीव्र पारेका थिए। सन् १९८८ मा उनले गरेको घोषणाले मानिसहरूका कान ठाडा भए। 'हामी सरकारले जुत्ता पुछ्ने ढोकामा राखिने म्याटजस्तो हुन सक्दैनौं,' त्यतिबेला उनले भनेका थिए। १९८८ मै उनले स्थानीय निर्वाचन बहिष्कारका लागि आह्वान गरेका थिए।

फ्रेडरिक विलियम डी क्लेर्कले राष्ट्रपतिमा नियुक्त हुनेबित्तिकै गरेको सुधारसम्बन्धी घोषणाको भने टुटुले खुलेर स्वागत गरेका थिए। राष्ट्रपतिको घोषणामा अफ्रिकन नेल्सन कंग्रेस (एएनसी) माथिको प्रतिबन्ध खुला गर्ने र सन् १९९० को फेब्रुअरीमा नेल्सन मन्डेलालाई जेलमुक्त गर्ने प्रतिबद्धता जनाइएको थियो। त्यसलगत्तै पादरीहरूले राजनीतिक दलमा आबद्ध हुन नपाउने टुटुको घोषणा भने अन्य चर्चहरूले आलोचना गरेका थिए। मन्डेलासहित नेताहरू जेलमा रहेका बेला टुटुले विभिन्न देशको भ्रमण गर्दै आफ्ना धारणा राख्ने गरेका थिए। उनले श्वेत रंगभेदको मात्रै नभई अश्वेत राजनीतिक सम्भ्रान्तको पनि चर्को आलोचना गर्थे।

टुटुले सधैं मन्डेलाको समर्थन गरेका थिए तर अधिकार प्राप्तिका लागि हिंसा प्रयोग गर्ने विषयमा भने उनी सधैं असहमत थिए। पछिल्लो समय उनले 'दक्षिण अफ्रिकाको नयाँ अश्वेत बाहुल्य सरकारले गरिबी निवारणमा कुनै चासो नदिएको' भन्दै एएनसीको कडा आलोचना गरेका थिए।

टुटुले 'होटल र विमानस्थलमा धाउनभन्दा क्रिकेट हेर्दै चिया पिएर समय बिताउने' भन्दै सन् २०१० मा सार्वजनिक जीवनबाट संन्यास लिए। सन् २०१४ मा स्वमृत्युवरणको पक्षमा बोलेपछि भने उनी विवादित बनेका थिए। अशक्त मानिसलाई आफूले चाहेका बेला मर्न पाउने अधिकार हुनुपर्ने उनको भनाइप्रति चर्चका अगुवाहरूले आपत्ति जनाएका थिए। सन् १९३१ मा उत्तरपूर्वी राज्यमा जन्मिएका टुटुले लन्डनको किङ्स कलेजमा अध्ययन गरेका हुन्। उनका श्रीमती र चार सन्तान छन्।

प्रेरक

## उटपट्याङ प्रश्नको त्यस्तै जवाफ

लण्डनमा जलसेनाका नाविकका लगि अन्तर्वार्ता भइरहेको थियो । अन्तर्वार्ता दिनेहरूमध्ये एक थिए- लर्ड माउन्टवेटेन । अन्तर्वार्ता लिने अधिकारीले माउन्टवेटेनलाई सोधे- यदि जहाज चलाउँदै गर्दा समुद्रमा आँधी आयो भने तपाईं के गर्नुहुन्छ ? माउन्टवेटेनले जवाफ दिए लंगुरको प्रयोग गरेर जहाजलाई बचाउँछु । अधिकारीले फेरि प्रश्न गरे- ठूलो आँधी आयो भने जहाजलाई कसरी बचाउनुहुन्छ ? अर्को पनि लंगुरको प्रयोग गर्छु । लर्डले उत्तर दिए । अझै ठूलो आँधी आयो भने ? अधिकारीले प्रश्न गरे । फेरि अर्को लंगुरको प्रयोग गर्छु । लर्डबाट जवाफ आयो । प्रश्नकर्ता ती अधिकारी मज्जाले हाँस्दै लर्डलाई व्यंग्यात्मक ढंगले भने- हैन, यति धेरै लंगुर तपाईंले कहाँबाट ल्याउनुहुन्छ र जहाजलाई बचाउनुहुन्छ ? लर्डले भने- जसरी तपाईं समुद्रमा यति धेरै आँधी ल्याइरहनुभएको छ । लर्डको जवाफपछि ती अधिकारी चुपचाप भए । लर्डको अन्तर्वार्ता खतम भयो । अधिकारीलाई ठाडो जवाफ फर्काएकाले आफू फेल हुने् लर्डको ठम्याई थियो । केही बेरपछि पास हुने्हरूको नाम टाँस गरियो । माउन्टवेटेनले सोचे त्यहाँ मेरो नाम पक्कै छैन । उनी विस्तारै नामहरू टाँसिएको सूचना पाटी नजिक पुगे । हेर्छन् त उनको नाम एक नम्बरमा निस्किएको रहेछ । यिनै लर्ड माउन्टवेन इन्डियाका लागि ब्रिटिस सरकारको तर्फबाट पहिलो गभर्नर जनरल बने ।

## साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

सुरुमा परिश्रम परे पनि राम्रो प्रतिफल पाइनेछ । प्रतिस्पधीहरूलाई उछिन्दै विभिन्न अवसर हात पार्न सकिनेछ । रोकिएका काम बन्नाले आर्थिक पक्ष पनि सबल बन्नेछ । चुनौती पन्छाएर काम बनाउन सकिनेछ । मिहिनेतले अवसर दिलाउनेछ भने लगनशीलताले लक्ष्यमा पुर्याउनेछ । विद्यार्थीहरूको शैक्षिक भ्रमण हुन सक्छ । रमाइलो यात्रा, भेटघाट र प्रियजनसँग भेटघाट हुने योग छ । मित्रता र प्रेमको बन्धन कसिने्छ ।

### वृष

कामको समयमा होसियार नबन्दा नतिजा कमजोर देखिनेछ । अध्ययनको कमीले बौद्धिक प्रतिस्पर्धामा खरो उत्रिन नसकिएला । सहयोगीहरू टाढिनेछन् र सहपाठीसँग असमझदारी बढ्नेछ । मंगलबारदेखि स्थितिमा सुधार आउनेछ । शत्रु र रोगमाथि विजय प्राप्त हुनेछ । दौडधुप गर्नुपरे पनि शुभचिन्तकहरूले साथ दिनेछन् । सप्ताहान्तमा पेसा-व्यवसायबाट मनग्य आर्जन हुनेछ । रमाइलो भेटघाटले उत्साह जगाउनेछ । व्यापार बढ्नेछ भने दिगो काम सुरु हुनेछ । ईर्ष्या गर्नेहरूबाट भने जोगिएर काममा जुट्नुहोला ।

### मिथुन

आफ्नैसँग असमझदारी बढ्नाले आँटेको काम रोकिन सक्छ । साझेदारीमा विवाद हुनेछ भने अवसरवादीहरूले फाइदा उठाउने चेष्टा गर्नेछन् । पढाइलेखाइमा ध्यान केन्द्रित नहुन सक्छ । परिस्थितिवश कमजोर व्यक्तिहरू अघि आउनेछन् भने कामबाट फाइदा लिन समय लाग्लेछ । तापनि साताको पछिल्लो समयमा स्थिति अनुकूल बन्नेछ । प्रतिस्पधीहरू सम्झौता गर्न आउनेछन् ।

### कर्कट

सुरुमा हिम्मतले अवसर दिलाउन सक्छ । अप्ठ्यारो परिस्थितिमा सहयोगीहरूले साथ दिनेछन् भने परिश्रमको नतिजा राम्रै आउनेछ । मंगलबारदेखि आफ्नैबाट धोका हुनाले काममा पछि परिनेछ । समयतालिका नमिल्दा आफ्ना कामबाट अरूले फाइदा उठाउलान् । घर-जग्गा विवादले समस्या निम्त्याउन सक्छ । मेसो नमिल्दा योजना अधुरै रहनेछ ।

### सिंह

धेरै बोल्ने बानीले वादविवाद निम्त्याउन सक्छ । सानो कमजोरीले आत्मसम्मानमा ठेस पुर्याउन सक्छ । व्यावहारिक अलमलले अध्ययनमा बाधा पुग्नेछ । तर समस्या आए पनि हिम्मत गर्दा चुनौती पन्छाउन सफल भइनेछ । मंगलवारदेखि नयाँ काम थालनी हुन सक्छ । बलभन्दा बुद्धिको उपयोगले काम लिने चेष्टा गर्नुहोला । आलोचकहरूले आफ्ना कमजोरी सुधार्ने अवसर प्रदान गर्नेछन् ।

### कन्या

लगनशीलता र आत्मविश्वासले सजिलै लक्ष्य प्राप्ति हुनेछ । रमाइलो जमघटका बीच स्वादिष्ट खानपानको आनन्द प्राप्त हुनेछ । प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ र थप काम गर्ने अवसर प्राप्त हुनेछ । आफन्त र प्रियजनसँग रमाइलो भेटघाट हुनेछ । तर साताभरि नै केही विवादास्पद काममा अलमलिनुपर्ला । सुरुमा दुःख भए पनि भौतिक साधन उपयोग गर्दै दिगो काम प्रारम्भ गर्न सकिनेछ ।

### तुला

प्रारम्भमा खर्च बढ्नाले अर्थ अभाव देखा पर्न सक्छ । अवसरका लागि लाभ नहुने कामको समेत जिम्मेवारी सम्हाल्नुपर्ला । बलजफ्ती गर्दा काम दोहोर्याउनुपर्ने परिस्थिति आउन सक्छ । धेरै दौडधुप हुनेछ र यात्रा खर्चिलो बन्नेछ । मंगलबारदेखि स्थितिमा सुधार आउनेछ भने विभिन्न अवसरले पछ्याउनेछन् । आफन्त र साथीभाइसँग रमाइलो भेटघाट हुनेछ । नयाँ काममा हात हाल्ने परिस्थिति जुट्नेछ । काम देखाएर उपलब्धि हातपार्न सकिनेछ ।

### वृश्चिक

सुरुमा विभिन्न अवसर प्राप्त हुनेछन् र दैनिकीले उचाइको बाटो समाउनेछ । आम्दानी बढ्नुका साथै व्यावहारिक आवश्यकता पूरा हुनेछन् । व्यवसायमा पनि उल्लेख्य फाइदा हुनेछ । मंगलबारदेखि भने खर्चिलो काम प्रारम्भ हुने देखिन्छ । संवेदनशील काममा विशेष सावधानी अपनाउनुहोला । प्रयत्न गर्दा टाढाका साथीभाइ नजिकिनेछन् । यात्राको प्रक्रिया अघि बढ्न सक्छ । सप्ताहान्तमा आफन्तको सहयोगले स्थितिमा सुधार आउनेछ ।

### धनु

प्रतिष्ठित काम गरेर स्थापित हुने समय छ । लगनशीलताले दाम, इनाम एवं प्रतिष्ठा दिलाउनेछ । नयाँ नोकरी वा व्यवसाय थालनी हुन सक्छ । विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्नेछ । सामुदायिक जिम्मेवारी वहन गर्ने समय छ । अध्ययनमा प्रगति हुनेछ । ईर्ष्या गर्नेहरूले आलोचना गरे पनि काम देखाएर धेरैको मन लोभ्याउन सकिनेछ । आम्दानीका विभिन्न स्रोत जुट्नेछन् ।

### मकर

सुरुमा केही संघर्ष गर्नुपरे पनि प्रतिष्ठित काम गरेर स्थापित हुने समय छ । ईर्ष्या गर्नेहरूले आलोचना गरे पनि काम देखाएर धेरैको मन लोभ्याउन सकिनेछ । लगनशीलताले दाम, इनाम एवं प्रतिष्ठा दिलाउनेछ । नयाँ नोकरी वा व्यवसाय थालनी हुन सक्छ । विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्नेछ । जिम्मेवारी बढ्न सक्छ । अध्ययनमा प्रगति हुनेछ । आम्दानीका विभिन्न स्रोत जुट्नेछन् । पेसा र व्यापारमा मनग्य लाभ हुनेछ । मित्रता र प्रेमको बन्धन कसिने्छ ।

### कुम्भ

प्रारम्भमा अस्वस्थताले कमजोर भएको अनुभूति हुनेछ । अध्ययनमा बाधा पुग्नेछ भने वादविवादले समस्या निम्त्याउन सक्छ । तापनि बुद्धिको उपयोगले समस्या सुल्झाउन सफल भइनेछ । बीचमा ईर्ष्या गर्नेहरूले दुःख दिनेछन् । काममा पनि अप्ठ्यारो परिस्थितिसँग सम्झौता गर्नुपर्ला । धेरैले आफ्ना कमजोरीबाट फाइदा उठाउने चेष्टा गर्नेछन्, सजग रहनुहोला । बिहीवारपछि स्थितिमा सुधार आउनेछ । चुनौती देखिए पनि समस्याको जड पत्ता लाग्नेछ ।

### मीन

शुभचिन्तकहरूको सहयोगले साताको प्रारम्भ उत्साहवर्द्धक देखिनेछ । रमाइलो यात्राका बीच प्रियजनसँग भेटघाट हुनेछ । आतिथ्यपूर्ण सम्मान पनि प्राप्त हुनेछ । विभिन्न भौतिक सुखका साधन जुट्नेछन् । तर मनोरञ्जनले अध्ययनमा बाधा पुऱ्याउन सक्छ । मंगलबारदेखि स्वास्थ्यमा कमजोरी र काममा अवरोध आउन सक्छ । आक्षेप लगाउनेहरूले दुस्ख दिनेछन् । आफ्ना विषयवस्तुमा अरूले हस्तक्षेप गर्नेछन् ।

## समाचार संक्षेप

### मृत अवस्थामा फेला

काठमाडौं । जुम्ला, चन्दननाथ नगरपालिका १ स्थित नयाँ बन्दै गरेको भवनको डिभिसीमा सोही क्षेत्रमा मागी खाइ हिंड्ने गरेका हाल वतन नखुलेका अन्दाजी ५६ वर्षीय सेतो कुलाल नाम बताउने व्यक्ति मृत अवस्थामा फेला परेका छन् । इलाम, चुलाचुली गाउँपालिका ४ स्थित एलम्बर चोकको कच्ची सडक छेउमा हाल नाम, थर, वतन, नखुलेका अन्दाजी ४५ वर्षीय पुरुष मृत अवस्थामा फेला परेका छन् ।

### डुबेर मृत्यु

सिरहा । सिरहा नगरपालिका १९ सन्हैठा बस्ने मोहमद कासिन्को छोरी २ वर्षीया रुक्सारा खातुनको डुबेर मंगलबार बिहान मृत्यु भएको छ । आँगनमा स्टिलको बाल्टिनमा राखेको पानीमा डुबेर अशक्त भएकी उनको उपचारको लागि जिल्ला अस्पताल सिरहातर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको हो ।

### सवारी दुर्घटनामा २ जनाको मृत्यु

काठमाडौं । नवलपरासी (पूर्व), विनयीत्रिवेणी गाउँपालिका-३ भुटुकेस्थित सडकमा लु.२ ख ४७०८ नम्बरको टिपर सोमबार दिउँसो दुर्घटना हुँदा टिपर चालक मकवनपुर मनहरी गाउँपालिका-१ बस्ने ३४ वर्षीय प्रकाश थिङको घटनास्थलमै मृत्यु भएको छ ।

धनुषा, विदेह नगरपालिका-६ तिनकौरिया चोकमा ज.१० प ८०४८ नम्बरको मोटरसाइकलको ठक्करबाट पैदलयात्री सोही नगरपालिका-५ एकराही बस्ने ६५ वर्षीय विश्वा मण्डल खत्वेको सोमबार साँझ मृत्यु भएको छ । ठक्करबाट गम्भीर घाइते भएका उनको जनकपुरमा उपचारको क्रममा मृत्यु भएको हो । मोटरसाइकल चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### मृत अवस्थामा फेला

नुवाकोट । किस्पाङ गाउँपालिका-५ नयाँपुल बस्ने ६० वर्षीया पुछमाया घले गुरुङ बिदुर नगरपालिका-१ स्थित त्रिशुली नदीको किनारामा सोमबार मृत अवस्थामा फेला परेकी छिन् ।

### सवारी दुर्घटनामा २ जनाको मृत्यु

काठमाडौं । नवलपरासी (पूर्व), विनयीत्रिवेणी गाउँपालिका-३ भुटुकेस्थित सडकमा लु.२ ख ४७०८ नम्बरको टिपर सोमबार दिउँसो दुर्घटना हुँदा टिपर चालक मकवनपुर मनहरी गाउँपालिका-१ बस्ने ३४ वर्षीय प्रकाश थिङको घटनास्थलमै मृत्यु भएको छ ।

धनुषा, विदेह नगरपालिका-६ तिनकौरिया चोकमा ज.१० प ८०४८ नम्बरको मोटरसाइकलको ठक्करबाट पैदलयात्री सोही नगरपालिका-५ एकराही बस्ने ६५ वर्षीय विश्वा मण्डल खत्वेको सोमबार साँझ मृत्यु भएको छ । ठक्करबाट गम्भीर घाइते भएका उनको जनकपुरमा उपचारको क्रममा मृत्यु भएको हो । मोटरसाइकल चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### मृत अवस्थामा फेला

नुवाकोट । किस्पाङ गाउँपालिका-५ नयाँपुल बस्ने ६० वर्षीया पुछमाया घले गुरुङ बिदुर नगरपालिका-१ स्थित त्रिशुली नदीको किनारामा सोमबार मृत अवस्थामा फेला परेकी छिन् ।

### छुट्टाछुट्टै सवारी दुर्घटनामा ५ जनाको मृत्यु

काठमाडौं । काठमाडौं, सर्लाही, कपिलवस्तु, पाल्पा र डोल्पाका विभिन्न स्थानमा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा परी ५ जनाको मृत्यु भएको छ ।

काठमाडौं, कागेश्वरी मनोहरा नगरपालिका-८ शिवचोकस्थित सडकमा बागमती प्रदेश ०२-०१७ प ९८२७ नम्बरको मोटरसाइकल अनियन्त्रित भई गएराति दुर्घटना हुँदा मोटरसाइकल चालक सिन्धुपाल्चोक बाह्रबिसे घर भई काठमाडौं थली बस्ने २७ वर्षीय राजमान तामाङको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको एनएमसि अस्पताल जोरपाटीमा उपचारको क्रममा मृत्यु भएको हो ।

सर्लाही, ईश्वपुर नगरपालिका-९ खोरीया टोलस्थित भित्री सडकमा प्रदेश २-०२-००३ प ७७१३ नम्बरको मोटरसाइकलले पैदलयात्रीहरूलाई ठक्कर दिई आइतबार दिउँसो दुर्घटना हुँदा मोटरसाइकल चालक बरहथवा नगरपालिका-१० शान्ति टोल बस्ने ३५ वर्षीय मुकेश सिंह दनुवारको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको जिल्ला अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो । साथै मोटरसाइकलको ठक्करबाट घाइते भएका २ जना पैदलयात्रीको सिद्धिविनायक अस्पताल बयलबासमा उपचार भइरहेको छ ।

कपिलवस्तु, कृष्णनगर नगरपालिका-१ स्थित सडकमा युपि५५के ०४८० नम्बरको मोटरसाइकलको ठक्करबाट पैदलयात्री सोही नगरपालिका-१ मडाहा बस्ने ६५ वर्षीया सरस्वती अहिरको आइतबार दिउँसो मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएकी उनको शिबराज अस्पताल बहादुरगञ्जमा उपचारको क्रममा मृत्यु भएको हो । साथै दुर्घटनामा घाइते भएका मोटरसाइकल चालकको सोही अस्पतालमा उपचार भइरहेको छ ।

पाल्पा, तिनाउ गाउँपालिका-३ अर्घाछापस्थित सडकमा लु.४९ प २०७७ नम्बरको मोटरसाइकललाई हाल नम्बर नखुलेको सवारी साधनले आइतबार राति ठक्कर दिँदा मोटरसाइकल चालक रुपन्देही तिलोत्तमा नगरपालिका बस्ने ३८ वर्षीय टिका रानाको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको प्रादेशिक अस्पताल बुटवलमा उपचारको क्रममा मृत्यु भएको हो । ठक्कर दिने सवारी साधनको प्रहरीले खोजी गरिरहेको छ ।

डोल्पा, मुडकेचुला गाउँपालिका-७ गाडापारी भन्ने स्थानमा लु.३ त १६२५ नम्बरको ट्याक्टर पल्टिएर आइतबार साँझ दुर्घटना हुँदा ट्याक्टरमा सवार सोही ठाउँ बस्ने ५० वर्षीय जंग सार्कीको घटनास्थलमै मृत्यु भएको छ । दुर्घटनामा घाइते भएका ट्याक्टरमा सवार २ जनालाई उपचारको लागि स्थानिय स्वास्थ्य चौकी पठाइएको छ । हाल फरार ट्याक्टर चालकको प्रहरीले खोजी गरिरहेको छ ।

### मृत अवस्थामा फेला

काठमाडौं । बैतडी, पुर्चौडी नगरपालिका-२ सिम्चानी बस्ने ५७ वर्षीय धनवीर धानुक सोही ठाउँस्थित समैपज्ने खोलामा मृत अवस्थामा फेला परेका छन् । सप्तरी, अग्निसाईर कृष्णसवरण गाउँपालिका-४ टेङग्री टोल नजिक बनियाँ पुलमा तिरहुत गाउँपालिका-३ बस्ने ४० वर्षीय सुरेश सरदार आइतबार मृत अवस्थामा फेला परेका छन् ।

जाजरकोट, बारेकोट गाउँपालिका- १ बस्ने २८ वर्षीय कृष्ण बहादुर खड्का सोही ठाउँ सक्लास्थित लिउरेको जंगलमा मृत अवस्थामा फेला परेका छन् ।

### भिरबाट लडेर मृत्यु

बझाङ । तलकोट गाउँपालिका-२ घरासी बस्ने २८ वर्षीया संगिता बिकको भिरबाट लडेर आइतबार साँझ मृत्यु भएको छ । जयपृथ्वी नगरपालिका-३ बारभिट्टा गोलमाईबाट सल्लाको पिरोल लिन भनि गएकीमा सोही ठाउँस्थित उवावन भन्ने स्थानको भीरबाट लडेर उनको मृत्यु भएको हो ।

### पाइप पड्किएर २ जनाको मृत्यु

सोलुखुम्बु । थुलुङ दुधकोशी गाउँपालिका-३ पञ्चनस्थित ८६ हाईड्रो पावर हाउसमा काम गर्ने क्रममा फलामको पाईपमा पानी हाली टेस्ट गर्दा पाईप अचानक पड्किँदा २ जनाको आइतबार साँझ मृत्यु भएको छ ।

मृत्यु हुनेहरूमा अछाम घर भएका २६ वर्षीय सुवास राज रेग्मी र काभ्रे धुलीखेल नगरपालिका-५ बस्ने २९ वर्षीय अर्जुन थापा रहेका छन् । पाईप पड्किँदा गम्भीर घाइते भएका उनीहरूलाई प्रभु एयरको हेलिकप्टरद्वारा मिसन् अस्पताल ओखलढुंगातर्फ लैजाने क्रममा मृत्यु भएको हो । मो.जावेदर राईनलाई उपचारका लागि सिम्रिक ग्राण्डी अस्पताल काठमाडौं पठाइएको छ ।

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Unfaltering = खुट्टा नकमाइकनै, सिधै He crossed the dangerous bridge with unfaltering step उस्ले खतरनाक पुल खुट्टा नकमाइकनै पार गर्‍यो ।

Viscid = टासिने् Resin from pine tree is always viscid सल्लाको खोट टासिने् किसिमको हुन्छ ।

Wily = धुर्त She is as wily as a fox तिनी फ्याउरो जत्तिकै धुर्त छिन् ।

Avocation = अतिरिक्त पेशा As his main job could not be lucrative, he concentrated more on his avocation मुख्य कामबाट राम्रो कमाइ नभएको हुंदा उस्ले आफ्नो ध्यानलाई अतिरिक्त पेशा तर्फ केन्द्रित गर्‍यो ।

Bleak = चिसो, उजाड Making a bleak island into an inhabitable place is always challenging उजाड टापुलाई वस्नयोग्य वनाउने कार्य ज्यादै चुनौतिपूर्ण हुन्छ ।

Culpable = दोषी, अभियुक्त Politicians are equally culpable if they do not take action against corruption भ्रष्टाचार विरुध्द कारवाही गर्न नसक्ने राजनितिज्ञहरूनै भ्रष्टाचारका अभियुक्तहरू हुन ।

Dogmatic= सिध्दान्तमा कट्टर Some dogmatic leaders who do not believe in ideological political reform can not lead a country towards modernization राजनीतिमा विचारात्मक सुधारमा विश्वाश नगर्ने कट्टरवादी नेताहरूले देशलाई आधुनिकिकरण तर्फ डोर्‍याउन सक्तैनन ।

Expropriate = अर्काको संपती आफ्नो अधिनमा लिनु The people went to court against government's right to expropriate their lands आफ्नो भूमि माथिको अधिकार खोस्ने राज्यको अधिकारको विरुध्द जनताहरूले अदालतमा गए ।

Fractious = नियन्त्रणमा लिन नसकिने A fractious horse always unseats its rider नियन्त्रणमा लिन नसकिने घोडाले सधै चढने मानिसलाई खसालीदिन्छ ।

Glutinous = टास्सिने् Plastic when burnsss becomes glutinous प्लाष्टिक वल्दा टास्सिने् हुन्छ ।

## Pick बाट के के कुरा भन्न सकिन्छ थाहा पाउनुहोस्

Open on = मा खुल्नु Shops do not open on Sunday आइतवार (मा) पसलहरू खुल्दैनन् ।

Open at = मा खुल्नु Doors of theatre open at 7 O'clock नाचघरका ढोकाहरू ७ बजे (मा) खुल्छन् ।

Open at = खुला भएको She prefers the blouse open at neck तिनी गला खुला भएको चोलो मनपराउछिन् ।

Open about = बारेमा स्पष्ट हुनु He was quite open about the reason of his resignation आफूले दिएको राजिनामाको कारण बारे उ स्पष्ट थियो ।

Open to somebody = लाई खुला हुनु This meseum is open only to students यो म्यूजियम खाली विद्यार्थीहरूको लागि मात्रै खुला छ ।

Open for = लागि खुला Since the presentations are over, the floor is open for discussion प्रस्तुतिहरू सकिएको हुदा अब छलफलको लागि सत्र खुला छ ।

Open to something = लागि खुला हुनु She is open to every suggestion तिनी कुनै पनि किसिमको सल्लाहको लागि खुला छिन् ।

Open towards = तिर खुल्नु These windows open towards outside यी झ्यालहरू वाहिर पट्टिट खुल्छन् ।

## सुडोकु-अंक २४३

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | | ४ | | | | ७ | | ८ |
| | | | | ८ | | | | |
| | | ६ | ४ | १ | ७ | ५ | | |
| | ९ | | ७ | ४ | ३ | | २ | |
| | | ५ | | | | ४ | | |
| | २ | | १ | ५ | ९ | | ८ | |
| | | १ | ६ | ३ | ८ | ९ | | |
| | | | | २ | | | | |
| ८ | | २ | | | | ६ | | १ |

## अंक २४२ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | २ | ६ | ७ | ८ | ९ | ४ | १ | ५ |
| ८ | १ | ९ | २ | ४ | ५ | ७ | ३ | ६ |
| ५ | ४ | ७ | ६ | १ | ३ | ८ | २ | ९ |
| ९ | ५ | ४ | ८ | ३ | ७ | २ | ६ | १ |
| २ | ७ | ८ | ५ | ६ | १ | ९ | ४ | ३ |
| १ | ६ | ३ | ९ | २ | ४ | ५ | ८ | ७ |
| ४ | ९ | १ | ३ | ५ | २ | ६ | ७ | ८ |
| ७ | ८ | २ | १ | ९ | ६ | ३ | ५ | ४ |
| ६ | ३ | ५ | ४ | ७ | ८ | १ | ९ | २ |

# Nice Leader Practices Nice Politics















Now a young and attractive leader is in the spotlight in the international arena. He is Kim Jong Un, President of the State Affairs of the Democratic People's Republic of Korea.

The greatest impression foreigners visiting Korea receive is that its people praise their leader.

To be exact, it is the blood-sealed ties between the leader and the people, which is unusual in other countries.

Kim Jong Un loves his people very much.

Unlike other Western leaders, who are trying to show off their big offices, long motorcades and luxurious outfits, Kim Jong Un burns the midnight oil for his people in his modest officeroom and visits people rain or snow.

In August last year he personally drove his car to flood-stricken Taechong-ri, Unpha County, North Hwanghae Province, to get acquainted with the actual situation there.

When his car was stuck in mud, the local people came to push the car.

Seeing his car covered with mud, they shed tears of gratitude, and they were more moved when he apologized for causing trouble for them even though he had covered a long way to help them.

Such scene cannot be seen in other countries. Thanks to the deep attention and energetic leadership of Kim Jong Un, who shares weal and woe with his people, the people in North and South Hwanghae, Kangwon and North and South Hamgyong provinces, who had been stricken by flooding and typhoon, were able to move into the new houses in a matter of few months.

Love is beautiful and noble because it is accompanied by sacrifice and devotion. Kim Jong Un possesses such ennobling love at the highest level. He often says: Officials should make tireless efforts for the good of the people; everything for the people, and everything by relying on them.

Whatever he says is so good as his love for the people is inborn. A country takes after its leader. As Kim Jong Un is such a nice person,his country is turning into a nice place for the people. Many people even in the advanced countries are wandering about the swamp of despair and decadence because they are pessimistic about their life haunted by poverty and unemployment. But as many people, who have visited the DPRK, say, there is no shade of decadence and pessimism in the country,its people devote themselves for the good of others, overcome difficulties and trials with one mind and will while helping one another and Kim Jong Un has brought up such people.

To see such reality in this country is a trouble for the forces hostile to it. That is why they are trying to cover the reality, paint it as black as possible, produce and propagandize one distortion and deception about it after another. Some years ago a woman journalist of a country went to a US Pacific air base, andgave a lecture to the GIs about her stay in the DPRK.

One of the audiences said: The Western media appraise other countries with their own value and measure them with their yardstick of "democracy,""human rights" and "morality"; they are demonizing north Koreaby means of optional news; we have never seen in the Western media such materials you have shown us.

As the GIs, after hearing her experience and seeing her photos and videos, confessed that they had been brainwashed about the reality of the DPRK,what would be their feeling if they visited the country themselves?

Kim Jong Un's strength of justice is the strongest in the world. Now the world is seeing in the young leader of the DPRK the strength of justice which is the strongest in the world and getting ever stronger even in the face of challenges and storms of history.

He values the sovereignty and dignity of his nation most, and does his best to add lustre to them. Today when the strength of the DPRK is getting stronger and its strategic position has changed, the world is seeing a landscape of a new world order where the strength of justice is leading this planet and destroying all evils. Kim Jong Un is standing in the centre of the landscape.

Worldwide praise about the nice politics by the nice leader respected by the world people, to say nothing of those of his country and even by the people in the enemy states, is growing higher.

**Meaning of Self-Defence 2021**

Last October, in Pyongyang, the capital of the Democratic People's Republic of Korea, the Defence Development Exhibition, named Self-Defence 2021, opened in the presence of Kim Jong Un, President of the State Affairs.

What did the exhibition that attracted the attentions of the world's military experts and media organs show?

Eye-Opening Development

The military hardware on display struck the visitors with wonder. What was most wonderful was their advanced and modernized level. All the weapons such as various small arms and soldier's personal gear, tanks of a new generation, armour-piercing weapons, self-propelled gun howitzers, super-large multiple launch system, various electronic weapons, drones, means of reconnaissance, submarine- and land-launched ballistic missiles of the Pukguksong series, medium ranged and intercontinental ballistic missiles of the Hwasongpho series and anti-aircraft missile systems were of world level.

Especially, the new-type gigantic missile carried on an 11-axle transporter-erector-launcher vehicle displayed during the military parade, held in October last year to mark the 75$^{th}$ founding anniversary of the Workers' Party of Korea, fully demonstrated the ultra-modernity and striking capability of the country's strategic forces.

In other words, it showed that the military hardware equipped by the Korean People's Army are the source of the irreversible strategic power and war deterrent, which could cope with any opponent and war.

The period and speed of their upgrading were also amazing. The displayed military hardware were all developed and produced over the past five years, demonstrating their rapid upgrading period and speed. As the world already observed, the DPRK successfully test-fired ground-to-ground IRBM Hwasong-10 at the first launch, and only one year later, successfully test-fired ground-to-ground IRBM Hwasong-12, whose tactical and technical specifications and technical features had been remarkably improved. Two months later, new-type ICBM Hwasong-14 was successfully test-fired, followed by ICBM Hwasong-14, test-fired by simulating its maximum firing range, over 20 days later. In November 2017 new-type ICBM Hwasong-15, whose tactical and technical specifications and technical features were far superior to Hwasong-14 and which can be loaded with super-sized nuclear warheads, was successfully test-fired.

What was more surprising was the fact that all the military hardwares were developed and their serial production was achieved by the country's own efforts and technology. Historically, the Korean people suffered trials as a result of being invaded by foreign forces, and it has had to build socialism under a constant threat from hostile forces, from last century to this. For this reason, they have regarded strengthening their country's military capability as an essential and vital affair of state which must not be neglected for even a moment and consistently maintained the line of self-reliance in national defence. The examples are the line of giving equal importance to the building of the economy and the national defences put forward in the early 1960s and the line of simultaneously conducting economic construction and building up the nuclear forces, which was advanced in 2013 and whose successful implementation was declared in 2018.

All the military hardware displayed in the exhibition hall were a brilliant fruition borne of the line of self-reliance in national defence which the country has consistently maintained, of the solid foundations of the munitions industry laid for more than 70 years after its founding and of the efforts made by the large contingent of promising scientists in the defence science sector, who carry out the intentions of Workers' Party of Korea unfailingly.

**Prospects of the Defence Industry**

The exhibition also gave a hint as to the prospects of the development of the defence industry of the DPRK. The prospects were clearly expressed in the core plans and important strategic tasks of the five-year plan period, laid out at the Eighth Congress of the WPK in January this year.

At the Congress, the WPK put forward the tasks for making military equipment intelligent, precise, unmanned, high-performance and light as a core target for the munitions industry, and for developing the nuclear technology to a higher level and developing nuclear weapons for various tactical purposes, promoting production of super-sized nuclear warheads continuously, attaining an advanced capability for launching a pre-emptive and retaliatory nuclear strike by further raising the level of precision to the point that a strategic target within a range of 15 000 kilometres can be hit and destroyed with pinpoint accuracy, developing nuclear submarine and underwater-launch nuclear strategic weapons, developing and introducing hypersonic gliding flight warheads, securing a reconnaissance and information-gathering capability based on the operation of a military reconnaissance satellite, and developing reconnaissance drones and other means of reconnaissance capable of precisely reconnoitring over distances of up to 500 kilometres, and rapidly developing the Korean People's Army from an army of a conventional type into an elite hi-tech force.

Accordingly, the Academy of Defence Science conducted a series of test-fire of missiles with upgraded combat performances, like test-fire of a new-type tactical guided missile in March 2021, test-fire of a newly-developed long-range cruise missile in September, inspection firing drill of a railway mobile missile regiment, test-fire of a newly-developed hypersonic missile of Hwasong-8 type, and test-fire of a newly-developed anti-aircraft missile.

At a speech delivered at the exhibition, Kim Jong Un declared: Our self-defence capability will continue to be transformed in the future, too; we will achieve even more brilliant successes in carrying out our just and patriotic cause. In the course of doing this, we will build up a more perfect, more complete and more powerful war deterrent, in other words, the strategic might which will guarantee the security and future of our country and people.

From olden times, king's residence has been called a palace. There are many gigantic palaces across the world that were built at the tremendous cost by kings and famous personages during their life time for the purpose of leaving their names to posterity.

Yet on this land where children are valued and cherished as kings and queens of the country, school children's palaces, school children's halls and children's camps can be seen everywhere.

Songdowon International Children's Camp which depicts a giant ship sailing over the azure East Sea of Korea, grand appearance of Mangyongdae School Children's Palace that has been renovated as a unique world-class palace for children, and Myohyangsan Children's Mountaineering Camp which takes pride in its added architectural beauty in perfect harmony with the fantastic sceneries of Mt. Myohyang; whenever we look at these edifices, we are overwhelmed by the feeling of gratitude towards respected General Secretary Kim Jong Un who has dedicated all his efforts for providing the children of the country with the best extracurricular educational facilities.

He had in mind the bright faces of children when he made a grand plan to renovate, with high-quality granite and building materials, the interior and exterior of Mangyongdae School Children's Palace which occupies the total floor space of over 100,000□, and to provide for world-class theater, gym and swimming pool equipped with the best facilities.

While the Palace began to be renovated, the officials, teaching staff and school children had yet the concept that Mangyongdae School Children's Palace was the best in the world. But the respected General Secretary, not being ever content with the work for coming generation, took meticulous measures including designing, supply of building materials and formation of construction brigade so as to wonderfully renovate it as required by the new century.

Though he was so busy guiding all the state affairs, respected General Secretary gave 180-plus valuable instructions with regard to the renovation, and personally examined the interior designs one by one which amounted to over a thousand, with the result that the Palace has been wonderfully renovated as a children's palace, a pedigree establishment for talent education.

It is his lofty view on coming generation that there would be nothing more to be hoped for though his whole body is reduced into grains of sand and spread all over the road to be walked on by the coming generation if this is the dedication for them. He derives his greatest happiness from the children's laughter. So he permits only the best and the highest for the coming generation.

The history of palace construction, a symbol of love for children, which started under the warm care of the Great Leaders, continues as ever thanks to the respected General Secretary who sees the essence and aim of revolution in young people's growth and happiness.

## नया भेरियन्ट...

चाप थपेको छ। कोभिडका नयाँ संक्रमणल संक्रमितको सुनामी ल्याउनेछ,' डा.गेहब्रेयससले भने। डब्लूएचओका अनुसार विश्वभर दैनिक नौ लाखभन्दा बढी संक्रमित थपिएका छन्। संक्रमण फैलिएपछि विभिन्न देशहरूले बुस्टर डोज दिन सुरु गरेका छन्। युरोपका विभिन्न देशहरूमा भने लकडाउन र नयाँ प्रतिबन्धहरू घोषणा गरिएका छन्।

फ्रान्स र बेलायतमा अप्रत्यासित रुपमा दैनिक संक्रमितहरूको संख्या बढिरहेको छ। छिमेकी मुलुक भारतका केही राज्यमा रात्रीकालीन कर्फ्यू घोषणा गरिएका छन्।

## अघोषित...

हो। यो समस्या राजधानीको एक ठाउँमा मात्र नभएर सबै ठाउँमा भइरहेको छ।

प्राधिकरणले विद्युत् खपत बढाउन सार्वजनिक रूपमा अपिल गर्दै आएको छ। तर, उपभोक्तालाई भने बेलाबेलामा बत्ती जाने समस्याले हैरान बनाएको छ। छिनछिनमा बत्ती जाँदा धेरै उपभोक्ताले नेपाल विद्युत् प्राधिकरणसँग गुनासो गरिरहेका छन्।

यसैबीच जाडोमा अपरझट लोड बढेपछि केही ठाउँमा समस्या देखिएको नेपाल विद्युत् प्राधिकरणले दाबी गरेको छ। खपत बढ्दा लोड व्यवस्थापन गर्न केही बत्ती जाने गरेको प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले बताएका छन्। तर नियमित लोडसेडिङ वा अरू कुनै समस्या नभएको उनको भनाइ छ।

## भारतीय...

चिनियाँ जनमुक्ति सेना र भारतीय सेना आम्नेसाम्ने हुने गरेका छन्। चिनियाँ राष्ट्रपति सी जिन पिङ र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले क्रमशः भारत भ्रमण र चीन भ्रमणका बेला सीमा विवाद हल गर्ने सहमति गरे पनि अहिलेसम्म सीमा विवादको मुद्दा ज्युँदै छ।

सन् १९६२ मा भारत-चीन युद्धको बेला कालापानीमा भारतले सैनिक ब्यारेक निर्माण गरेको थियो। आफ्नो अलोकतान्त्रिक शासन जोगाउने उपक्रममा केन्द्रित तत्कालीन राजा महेन्द्रले भारतले नेपालको सिमाना मिचेको थाहा पाउँदा पनि कुनै प्रतिक्रिया जनाएनन्। राजा वीरेन्द्र र राष्ट्रवादी भनाउँदा महापञ्चहरूले पनि कालापानी, सुस्तालगायतका भूमि रक्षाका लागि कुनै सक्रियता देखाएनन्। २०४६ सालमा बहुदलीय व्यवस्था पुनःस्थापनापछि मात्र नेपाली जनताले महाकाली नदी आसपासको भूभाग भारतले मिचेको थाहा पाए। दुई देशको सीमा विवाद समाधान गर्ने प्रयास सन् १९८१ देखि सुरु भए पनि भारतको बेवास्ताका कारण विवाद टुंगिन सकेको छैन। भारतको हेपाहा व्यवहारले नेपाली मनस्थिति आहात बनिरहेको छ।

कालापानी र सुस्ता क्षेत्र नेपाल-भारत सिमाना विवादको मुख्य र जटिल भूभाग हुन्। यी ठाउँको सीमा अतिक्रमण र त्यहाँ भारतीय पक्षबाट हुने थिचोमिचो विरुद्ध नेपाली जनताले पटक पटक आफ्नो आवाज मुखर पारेका छन्। २०५५ सालमा कालापानीको अतिक्रमित भूभाग विस्तार गरेर भारतले काँडेतार लगाएको विरुद्धमा नेपालको संसद र सडकबाट व्यापक विरोध भएको थियो। नौ वाम समूहले सांसदहरूलाई अपिल गर्दै, प्रधानमन्त्रीलाई ज्ञापन दिँदै देशभर विरोध प्रदर्शन गरेको थियो। आन्दोलन चलिरहेकै समयमा तत्कालीन भारतीय राजदूत केभी राजनले १९ औं शताब्दीदेखि नै कालपानी भारततर्फ रहेको अभिव्यक्ति दिएपछि नेपालमा त्यसको व्यापक विरोध भयो। त्यसपछि आफ्ना कुराको गलत व्याख्या भएको भन्दै उनले दुई देशबीचको उक्त सिमानामा पुरानो र जटिल पृष्ठभूमि भनेका थिए। कालापानीको विवाद चर्किंदै गएपछि तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले कालापानी सिमानासम्बन्धी विषय हो। हामी आफ्नो राष्ट्रिय एकता र सार्वभौमिकतामा कुनै सम्झौता गर्दैनौं भन्ने प्रतिक्रिया दिएका थिए।

सन् १८५० मा सर्भे अफ इन्डियाबाट प्रकाशित नक्सामा लिपुलेक भन्ज्याङबाट आउने नदीलाई कालीनदी मानी सोही नदीमा सिमाना देखाइएको छ। साथै सन् १८५६ मा प्रकाशित नक्सामा पनि १८५० को नक्साअनुसार नै सिमाना देखाइएको छ। उक्त दुवै नक्साअनुसार कालापानी नेपालको भूभागमा पर्छ। पछि सन् १८७५ मा सर्भे अफ इन्डियाबाट प्रकाशित नक्सामा कालापानी नदी छाडी कालापानीभन्दा तलको पाखा गाउँ खोलाको दक्षिणपट्टिको डाँडो (पानी ढलो) लाई सिमाना देखाइएको छ। यस नक्साअनुसार कालापानी भारततर्फ पर्न जान्छ। पछि सन् १८७९ मा भारत र चीन सीमा सम्झौता हुँदा पनि सन् १८५० मा सर्भे अफ इन्डियाको नक्सामा देखाइएको लिपुलेक भन्ज्याङलाई कालीनदीको उद्गमस्थल मानी इनजक्सन (निषेधाज्ञा) कायम गरिएको छ।

सन् १८५० र १८५६ को सर्भे अफ इन्डियाबाट प्रकाशित नक्सामा कालापानी नेपालको भूभागको रुपमा कायम भएपछि त्यसपछि सर्भे अफ इन्डियाबाट प्रकाशित नक्सामा सिमाना फेर्ने कुनै आधार रहँदैन। अतः कालापानी नेपालको भूभाग भएको हुँदा एवं हालसम्म नापी विभागबाट प्रकाशित नेपालको सबै नक्सामा लिपुलेक भन्ज्याङबाट आउने कालीनदीलाई सिमाना कायम गरिएकोले कालापानी नेपालको भूभागका रुपमा रहिआएको छ। ब्रिटिस भारतसँग भएको सुगौली सन्धिपछि त्यही भारत सरकारले सन् १८५० र ५६ मा गरी दुई दुई पल्ट छापेको नक्साले कालापानी लगायतको भूभागलाई नेपालभित्र पारेको छ। यसकारण नेपालले कालापानी आफ्नो भनेर लिएको अडान प्रमाणमा आधारित र जायज छ। १८७९ देखि भारतले आफूखुसी नक्सा छापेर कालापानीलाई भारतमा पार्न खोजेको छ। जुन षड्यन्त्रपूर्ण र अन्तर्राष्ट्रिय नियम कानुन विपरीत छ।

नेपालले उहिलेदेखि नै आफ्नो भूभागको रक्षा गर्न कदम नचालेका कारण सीमा क्षेत्रमा भारतको बलमिच्याइँ बढेको हो। सीमा सुरक्षाका लागि प्रस्ट रणनीति बनाएर अघि बढ्न नेपाल सरकार अहिले पनि चुकिरहेको छ। भारतसँग सीमा जोडिएका कतिपय स्थानमा आफ्नो सुरक्षा संयन्त्र व्यवस्थित रुपमा तैनाथ गर्न नसक्नु कमजोरी हो। सीमा विवाद सुल्झाउन दुईपक्षीय रुपमा समिति बनाइए पनि त्यस्तो प्रयास फितलो सावित हुँदै आएको छ। कालापानी र सुस्ता विवाद प्रशासनिक तहबाट समाधान हुन सक्दैन। नेपालको अन्तर्राष्ट्रिय सिमाना रक्षाका लागि प्रतिबद्ध रहेको र दुई मित्रराष्ट्रबीचको सीमा समस्याको समाधानको ऐतिहासिक दस्तावेज एवं तथ्य प्रमाणको आधारमा कूटनीतिक माध्यमबाट हुनुपर्ने नेपालको स्पष्ट धारणा रहेको नेपाल सरकारले जनाएको छ। साथै कालापानी र लिपुलेक नेपालको भएको स्पष्ट पारिसकेको छ। भारतको एक पक्षीय निर्णय नमान्ने समेत नेपालले पहिल्यै बताइसकेको छ।

सार्वजनिक गरिएको औपचारिक नयाँ राजनीतिक नक्सामा लिम्पियाधुरादेखि लिपुलेकसम्मको अतिक्रमित विशाल नेपाली भूमिलाई भारतले समेटेको छ। लिपुलेकसहितको कालापानी नेपालको अभिन्न अंग हो। तर भारतले सो भूभाग आफ्नो भएको सन्देश दिन आफूमा समेटेको हो। ५९ वर्षअघि भारतले अतिक्रमण गरेर राखेको यो क्षेत्र अहिले भारतले औपचारिक रुपमै आफ्नो राजनीतिक नक्सामा गाभेको छ। भारतले सार्वजनिक गरेको नक्साअनुसार कालापानी क्षेत्रको मात्रै ६२ वर्गकिलोमिटर क्षेत्र परेको छ। यस्तै लिपुलेकबाट आएको नदीदेखि लिम्पियाधुरातर्फबाट आएको नदी क्षेत्रको झन्डै ३१० वर्गकिलोमिटर क्षेत्र आफ्नो नक्साभित्र पारेको छ।

कालापानी र लिपुलेकसहित नेपाल-भारत सीमाका ७१ स्थानमा विवाद छ। भारतसँग जोडिएका २६ मध्ये २३ जिल्लामा सीमा समस्या छ। डडेलधुरा धनुषा र बैतडीमा मात्र अतिक्रमणका घटना देखिएका छैनन्। दार्चुलादेखि ताप्लेजुङसम्म गरी भारतले ६० हजार ६ सय २७ हेक्टर नेपाली भूभाग अतिक्रमण गरेको छ। सीमाविद् बुद्धिनारायण श्रेष्ठको पुस्तक 'सीमा संग्राम' का अनुसार नेपाल र भारतबीच १ हजार ८ सय ५० किलोमिटर सीमा जोडिएको छ। त्यसमध्ये ६ सय ६ किलोमिटर विवादित छ। नापी विभागका पूर्व महानिर्देशक पुण्यप्रसाद ओलीका अनुसार भारतले सन् १८५६ पछि नेपालको सीमा मिच्न थालेको हो। उनी भन्छन्- भारतले ३० किलोमिटर पूर्व कृत्रिम नदी बनाई त्यसलाई काली भन्न थाल्यो। खास कालीलाई कुटियन्ती नामकरण गऱ्यो। त्यसबाट नेपालको सामरिक क्षेत्र कालापानी लिपुलेक, लिम्पियाधुरा उता परेको देखाइयो। कालापानी र लिपुलेकको स्वामित्व नेपालले दाबी गर्दै आए पनि लिम्पियाधुरालाई चुपचाप त्यागिदिएको थियो। भारतले ती भूभागलाई आफ्नो नक्सामा राख्दै आएको छ। भारतले कुटियन्ती भन्दै आएको नदीलाई नयाँ नक्सामा काली लेखेको छ। कालापानीपछि सुस्ता क्षेत्रको १४ हजार हेक्टरभन्दा बढी जमिन भारतले अतिक्रमण गरेको छ।

इतिहासमा नेपालको सिमाना पूर्वमा भुटानको दामसाङगढीसम्म र पश्चिममा रावी नदीसम्म, उत्तरमा कैलाशमानसरोवरसम्म र दक्षिणमा गंगा नदीसम्म भएको उल्लेख छ। तर यो क्षेत्रमाथि आज नेपालको नियन्त्रण छैन। यदि नेपाल शक्तिशाली हुँदो हो त चीनले हङकङ, मकाओ, भारतले गोआ र ब्रिटेनले फकल्यान्ड टापुमाथि अधिकार कायम गरेझैं नेपालले पनि दार्जिलिङ सिक्किम कुमाउँ गढवालमा आफ्नो सार्वभौमसत्ता कायम गरिसक्ने थियो। सन् १८१५ मे १५ मा अक्टरलोनी र अमरसिंह थापाबीच द्विपक्षीय समझदारी पत्रमा महाकाली नदीदेखि सतलज नदीबीचका विभिन्न भूभागको उल्लेख पाइन्छ जसमा युद्धपूर्व नेपालको सार्वभौमसत्ता स्थापित थियो। यही समझदारी पत्रले नै युद्धपूर्व नेपालको पश्चिम सिमाना सतलजसम्म थियो भन्ने पुष्टि हुन्छ।

सुगौली सन्धिको पाँचौं धारामा नेपालले महाकालीसम्मका सबै भूभागमाथिको अधिकार परित्याग गर्नुपर्ने भनी उल्लेख गरे पनि महाकालीपारि कहाँसम्मका भूभाग भन्ने विषयमा केही स्पष्ट गरेको छैन। सुगौली सन्धिले नेपालको पूर्वी सिमाना मात्र स्पष्टसँग निर्धारित गरेको छ। दक्षिणी सिमानाबारे सन्धिमा टिस्टादेखि महाकालीका बीचको तराईको सम्पूर्ण भूभाग भन्ने उल्लेख मात्र पाइन्छ तर तराईमा नेपाल कहाँसम्म हो भन्नेबारे कुनै किटानी गरिएको छैन। सुगौली सन्धिपूर्व कहाँदेखि कहाँसम्म फैलिएको थियो भन्ने विषयमा स्पष्ट हुन सुगौली सन्धिलाई नै आधार मानिन्छ। तर विडम्बना नेपाल सरकारसँग सुगौली सन्धिपत्र नै छैन। परराष्ट्र मन्त्रालयका कर्मचारीलाई आर्थिक प्रलोभनमा लिएर भारतीय खुफिया एजेन्सी रअले सुगौली सन्धि नै गायब बनाएको छ। ब्रिटेनले बनाएका सबै मानचित्रमा लडाइँ पूर्वको नेपाललाई गोर्खा साम्राज्यको रुपमा चिनाइएको छ। ती नक्साहरू नेपाली इतिहासका साक्षी हुन् जसले नेपालको सिमाना त्यसबेला पूर्व टिस्टादेखि पश्चिम सतलजसम्म कायम भएको थियो भन्ने प्रमाणित गर्छन्। ग्रेटर नेपाललाई बुझ्न सुगौली सन्धि पर्याप्त छ। सन् १८१४-१५ मा भएको इस्ट इन्डिया कम्पनी र नेपालबीचको लडाइँमा बगेको रगतले सुगौली सन्धि लतपतिएको छ। भारतीय उपमहाद्वीपमा बर्मा, पाकिस्तान, इन्डिया र श्रीलंकाले पाएको स्वतन्त्रतासँगै त्यसबेला ब्रिटिस सरकारसँग नेपालले गरेको सुगौली सन्धिबाट गुमेको नेपालका भूभाग पनि स्वतन्त्र भएको हुँदा ती भूभाग नेपालमा एकीकृत हुनुपर्ने भन्ने ठोस अवधारणा नै 'ग्रेटर नेपाल' हो।

सन् १९६२ मा भारत र चीन युद्धको समयमा कालापानीमा भारतले सैनिक ब्यारेक निर्माण गरेको थियो। नेपालमाथि चीनले प्रभाव पारेर सो क्षेत्रबाट आफूमाथि आक्रमण गर्न सक्ने खतरा रहेको कारण सो ब्यारेक हटाउन भारत मानेको छैन। कालापानीमा भारतीय सेनाले परेड खेलिरहेका छन्। भारतीय सञ्चार माध्यमले सरकारी अधिकारीलाई उद्धृत गर्दै जनाएअनुसार भविष्यमा चीनले नेपाललाई हराएर कालापानीमा कब्जा जमाइबसेमा त्यो भारतका लागि सैन्य सुरक्षामा ठूलो खतरा आउने टिप्पणी गरेका छन्। कालापानीमा भारतको इन्डो तिबतियन बोर्डर पुलिस (आईटीबीपी) तैनाथ गरेपछि पनि भारतले थप ६२ किलोमिटर पूर्वसम्म अधिनस्थ गरिसकेको छ। भारतले कुनै पनि हालतमा कालापानी नछाड्ने स्पष्ट पार्दै आएको छ। कालापानी क्षेत्रमा आफ्नो प्रभुत्व कायम राख्न भारतीय पक्षले कृत्रिम नदीसमेत निर्माण गरेको छ। भारत त्यसैलाई काली नदीको उत्पत्तिस्थल दाबी गर्छ र कालापानी नियन्त्रणमा राखेको छ। कालापानी एकीकृत सन्धि २०५३ संसदबाट पारित हुँदा यो विषय उठेको थियो। तर नदीको उद्गमस्थलको पहिचानबिनै त्यो सन्धि पारित गरिएको थियो। तत्कालीन भारतीय राजदुत केभी राजनले नेपालको भूभाग भए फिर्ता गर्छौं त्यसबेला भनेका थिए। तर नेपालका कुनै पनि सरकारले सीमा विवाद समाधान गर्नेतर्फ अहिलेसम्म खासै चासो देखाएका छैनन्।

सन् १९८१ देखि २००७ सम्म नापी विभागका महानिर्देशकको नेतृत्वमा संयुक्त नापी समितिले करिब २६ वर्ष लगाएर दुवै देशका प्राविधिकले १८७ वटा स्ट्रिप म्याप पनि टुक्र्याइसकेका छन्। तिनै म्यापका आधारमा जीपीएसमा आधारित पिलर गाड्ने काम भइरहेको छ। तर कालापानी र सुस्ताका सम्बन्धमा दुई देशबीच सहमति जुटेको छैन। भारतमा मोदी नेतृत्वको सरकार बनेपछि नेपालको सीमा समस्या समाधानका लागि संयुक्त कार्यदल बनाउनुपर्ने मागअनुरुप पुनः यसअघिकै जस्तो महानिर्देशक नेतृत्वको संयन्त्रलाई ब्युँताइएको थियो। त्यसयता नक्सांकन भइसकेको ठाउँमा पिलर गाड्ने र अन्य प्राविधिक काम पनि भइरहेको छ। सन् २०१४ मा सम्पन्न नेपाल र भारत मन्त्रीस्तरीय संयुक्त संयन्त्रको बैठकमा कालापानी र सुस्तासम्बन्धी विवाद प्राविधिकहरूको सुझावका आधारमा विदेश सचिवस्तरमा टुंग्याउने निर्णय भएको थियो। उक्त बैठकमा भारतका तर्फबाट तत्कालीन विदेश मन्त्री सुष्मा स्वराज उपस्थित थिइन्। त्यसयता कालापानी र सुस्ताका सम्बन्धमा थप प्रगति भएको छैन। गत भदौमा काठमाडौंमा सम्पन्न पाँचौं मन्त्रीस्तरीय बैठकले पनि थाँती रहेका सीमासम्बन्धी विवादलाई विदेश सचिवस्तरमा टुंग्याउन निर्देशन दिए पनि ठोस पहल भएको छैन। परराष्ट्र सचिवस्तरीय संयन्त्रको बैठक एकपटक पनि नबसी भारतले कालापानी, लिम्पियाधुरा आफ्नो भएको दाबी गर्दै नक्सा बनाएको छ।

## एमसीसी...

नेपाल मजदुर किसान पार्टी (नेमकिपा) ले संघीय सांसदहरूलाई खबरदारी गर्ने भएको छ। पार्टीले आज पुस १६ गते शुक्रबार राजधानीका विभिन्न तीन स्थानबाट जुलुस प्रदर्शन गरी संसद् भवन नयाँ बानेश्वरका तीन नाकामा विरोधसभा गर्ने भएको छ।

काठमाडौंको बानेश्वर (रत्नराज्य मावि), कोटेश्वर तीनकुने र माइतीघरबाट अलगअलग जुलुस निकालिने पार्टीले जनाएको छ। ती तीनवटै जुलुस संसद् भवन नयाँ बानेश्वरका तीन नाकामा पुगेर छुटाछुटै विरोधसभा गर्ने पार्टीले जनाएको छ।

जुलुसको दिन पार्टीका विभिन्न एकाइ, जनवर्गीय एवम् पेशागत संगठनलाई अलगअलग क्षेत्रबाट निकालिने जुलुसमा सहभागी बन्ने जिम्मेवारी तोकिएको पार्टीले जनाएको छ।

एमसीसी सम्झौताले देशको स्वाधीनता र सार्वभौमिकतामा आँच पुऱ्याउने भन्दै पार्टीले निरन्तर संघर्षका कार्यक्रम गर्दै आएको छ। एमसीसी सम्झौता अमेरिकाको हिन्द-प्रशान्त रणनीतिकै हिस्सा भएको दाबी गर्दै नेपालको असंलग्न परराष्ट्र नीतिको आधारमा पनि सो सम्झौता लागु गर्नु ठीक नभएको पार्टीको धारणा रहेको छ। पार्टी र जनवर्गीय संगठनले सातै प्रदेशका जिल्लाहरूमा विरोध जुलुस र सभा गरिसकेको जनाएको छ।

## मेलम्चीको...

संशोधन गरिएको छ। कार्ययोजना पारित भएपछि उसैले काम गर्ने हो,' समितिका प्रवक्ता राजेन्द्रप्रसाद पन्तले भने।

मेलम्ची खानेपानी आयोजनासम्म पुग्ने सडक निर्माण सम्पन्न भएको छ। हेलम्बु गाउँपालिकाले मेलम्ची बजारदेखि आयोजनाको हेडवर्क्ससम्मको करिब २१ किलोमिटर सडक निर्माण सम्पन्न गरेको हो। हेलम्बु गाउँपालिकासँग समन्वय गरेर सडक निर्माण गरेको मेलम्ची खानेपानी विकास समितिले जनाएको छ।

## तीव्र रूपमा...

युनिभर्सिटी अफ युटाहकी प्राध्यापक समर रुपरले हिमालय क्षेत्रमा हिउँको क्षय अत्यन्त चिन्ताजनक रहेको बताएकी छन्। उनले अध्ययनको नतिजाले आगामी दशकमा हिउँ क्षेत्रमा आउन सक्ने परिवर्तन र समुद सतहमा आउने वृद्धिलाई पूर्वानुमान गर्न सहज हुने बताइन्। यसअघिका अध्ययनभन्दा ठूलो मात्रामा ग्लेसियरको अध्ययन भएकाले यो अध्ययन महत्वपूर्ण रहेको दाबी उनको छ।

बाढीबाहेक समुद्र सतहमा हुने वृद्धिले समुद्र तटमा भूक्षय हुने तथा सडक तथा पुलजस्ता भौतिक संरचनामा हानि पुग्न सक्छ। यसैगरी तटीय क्षेत्रमा रहेको पावर प्लान्ट तथा अन्य औद्योगिक संरचना पनि जोखिममा पर्ने देखिन्छ।

सन २०१४ को एक तथ्यांकले अमेरिकाको ४० प्रतिशत जनसंख्या समुद्रको तटीय क्षेत्रमा रहने देखाएकाले समुद्र सतहको वृद्धिले यो जनसंख्या प्रभावित हुने अमेरिकाको नेसनल ओसियानिक एन्ड एटमसफेरिक एडमिनिस्ट्रेसनले जनाएको छ। 'समुद्र सतह बढ्नुमा विभिन्न कारण छन् तर विगतझैं आगामी दशकमा उच्च पहाडी क्षेत्रमा रहेका ग्लेसियरको भूमिका सबैभन्दा बढी हुने देखिन्छ,' डा। कुपर थप्छिन्।

दक्षिण एसियाको हिमालयन क्षेत्रमा देखिएको हिउँको क्षयको परिणाम झन् बढी हुने देखिन्छ। ग्लेसियर पग्लेर निस्कने पानी यो क्षेत्रका नदीमा समाहित हुन्छ र भारतसहित यो क्षेत्रका अन्य देशका कृषियोग्य जमिनमा सिँचाइ हुन्छ। ग्लेसियर लगातार घट्दा पानीको प्रवाहमा असर पर्ने भएकाले सिँचाइ तथा पिउने पानीको आपूर्ति व्यवस्थामा समेत प्रभाव पर्न सक्ने अनुसन्धानकर्ताको तर्क छ।

यसैगरी अत्यधिक हिउँ पहिरोका कारण भिरालो जमिन अस्थिर हुने र यस प्रकारका प्राकृतिक घटना बढ्न सक्ने देखिएको छ। 'हाम्रो अध्ययनको नतिजाले यस प्रकारको विपद् रोक्ने प्रयासलाई सशक्त पार्नुपर्ने देखाएको छ,' अध्ययनमा संलग्न डा।क्यारिभिकले भने।

(वाल स्ट्रिट जर्नल)

तेस्रो धार

## चिसो मौसममा शिशु एवं वृद्धवृद्धाको स्याहार

**सुरेश खतिवडा**

मौसम परिवर्तन हुने क्रम जारी छ। दिउँसो केही राहत महशुस हुने तापक्रम रहे पनि बिहान बेलुकी चिसोपना बढ्दै गइरेको छ। यस्तो अवस्थामा युवा तथा सक्रिय उमेरलाई त्यत्ति फरक नपरेता पनि बालबच्चा तथा वृद्धवृद्धाहरू बढी पीडित हुने गर्दछन्। त्यसमाथि पनि अबोध र चलमलाउनै राम्रोसंग नसक्ने वनजात शिशुहरूको अवस्था झनै पिडादायी र कष्टकर हुने गर्दछ। यदि तपाईको घरमा पनि नब प्रवेशी शिशु छ भने यो समय उनीहरूका लागी सहज र समायोजन हुन योग्य बनाउने कर्तब्य तपाई आमाबुबाको हुने गर्दछ। र तपाई आफै पनि त्यस विषयमा बढी चिन्तित भइरहेको हुनु पर्दछ। केही दिनकै फरकमा रुगा मर्गी, खोकी, राती नाक बन्द हुने, स्वास्वा हुने, घ्यारघ्यार गर्ने, खाने वित्तिकै बान्ता गर्ने जस्ता समस्याहरू तपाईका लागी जटिल लागी रहेका हुन सक्दछन्। तपाईले नानीहरूलाई नजिकका फामेर्सी तथा क्लिनिकहरूबाट अनाधिकृत रुपमा औषधीहरूको प्रयोग गरिरहनु भएको हुन सक्दछ। त्यस कारण विना चिकित्सीय पुर्जा औषधिको प्रयोग गर्नु भन्दा हामी आफैले सर्तकता अप्नाएमा नवजात शिशुहरूमा यस मैसममा आइपर्ने विविध श्वास प्रश्वास प्रणाली तथा पाचन प्रणली सम्बन्धि चिसोजन्य रोगहरूबाट बचाउन सक्दछौं।

**नवजात शिशुहरूलाई प्रसस्त स्तनपान**

आमाको दुध अमृत समान भन्ने त सुनेको छौं तर कसरी भन्ने थाहा नहुदा र देखासीखीको लागी तयारी दुध बजारबाट ल्याएर खुवाइने हुदा नानीहरू विविध रोगको संक्रमणमा पर्न जाने हुन्छन्। आमाको दुधमा नानीहरूलाई रोगसंग लड्न चांहीने रोग प्रतिरोधात्मक शक्तिको भण्डार हुने गर्दछ भने यसले चिसो तथा मौसम परिवर्तमा देखा पर्ने जटिलता, विभिन्न संक्रमक रोगहरू, र विभिन्न छाला नाका कान घाँटी सम्बन्धि संक्रमण विरुद्ध लठेन सक्ने बनाउद छ। त्यसैले अरु बेला भन्दा चिसो मौसममा बढी र अनिर्वाय रुपमा स्तनपान गराउनु चिसोबाट शिशुलाई जोगाउने उत्तम उपाय हो। सबैले पहिलो ६ महिना शिशुलाई अनिवार्य स्तनपान गराउनु पर्ने कुरामा समेत ध्यान दिनु पर्दछ।

**कोठा न्यानो राखौं**

शिशु सुत्ने र राख्ने कोठाको आद्रता र तापक्रमलाई ख्याल गरि ब्यवस्थित गरिनु पर्दछ। नवजात शिशुलाई अरुलाई भन्दा बढी न्यानो आवश्यक पर्दछ त्यसैले चिसो हावाको सिधा प्रवेशलाई रोक्ने र झ्याल तथा ढोकाहरू राम्रो र ब्यवस्थित गर्नु पर्दछ। तर संवातनलाई भने विशेष ख्याल गरिनु पर्दछ। त्यसै गरि कोठाको वातावरण न्यानो र ठिक भएमा शिशुलाई धेरै कपडाहरू लगाउन जरुरी पदैन्। बाक्लो र खापेर मोटो कपडा लगाएमा शिशुलाई पसिना आई त्यसैले चिसो लाग्ने गर्दछ। त्यस कारण सजिलो कपडा र न्यानो कोठा यो मौसमको जटिलताबाट जोगाउने अर्को उपाय हो।

- नानीहरूलाई दुध चुसाउन बित्तिकै भुईमा छाड्ने या सुताउने गर्नु हुदैन् साथै आमाले सुतेर दुध चुसाउनु हुदैन्। यस्तो अवस्थामा शिशुले बान्ता गर्ने तथा बान्ता श्वास मार्ग तर्फ गई एस्पिरेट निमोनिया तथा अन्य छातीको संक्रमण हुन सक्दछ।
- बजारमा उपलब्ध विभिन्न प्रकारका मोस्चुराईजर तथा बेबी क्रिमहरूको प्रयोगलाई निरुत्साहित गरिनु पर्दछ।प्रयोग गर्ने परेमा चिकित्सकको सल्लाह लिएर मात्र प्रयोग गर्नु पर्दछ।
- गरौं र बाक्लो बल्याङ्केट, सिरक तथा सिरानी आदीको प्रयोग नगर्ने जसले गहिरो निन्द्रमा आमाले थाहा नपाएर शिशु निसाशीन सक्दछ।
- शिशुको रक्त सञ्चार राम्रो होस् भन्ने हेतुले बदामको तेल, नरिवलको तेल या शुद्ध तरीको तेलले सुत्नु अगाडी मालिस गर्ने गर्नुपर्दछ। तर तेल प्रतिको संवेदनशिलता भने विचार गरिनु पर्दछ।
- नाक बन्द भएमा मनतातो नुनपानीको घोल बनाई एक एक थोपा नाकमा चुहाउने गरेमा श्वासमा कठिनाई, घ्यार-घ्यार सामान्य खोकी समेत बन्द हुन्छ र शिशु राम्रो संग निदाउन सक्दछ। बजारमा विभिन्न ब्रण्डका नेजल ड्रप्सहरू पनि उपलब्ध छन्।
- कोठामा आद्रता सन्तुलन गर्ने मेसिन जडान गरि शिशसलाई चिसोबाट बचाउन सकिन्छ। कोठा तनाउन ठूलो हिटर, आगो बाल्ने तथा कोइला डढाउने प्रक्रिया शिशुका लागी हानिकारक हुन सक्छ।
- उचित समयमा खोपको प्रयोग शिशुलाई विविध फ्लु तथा संक्रमणबाट बचाउने अर्को उपाय हो।
- रेडिमेड दुध तथा गाईको दुध प्रयोग गर्नु पर्ने अवस्था आएमा उचित मात्रा मिलाएर खुवाउने तथा प्रयोग गरिने फिडिङ बोत्तल, बटुका, ग्लास, चमच आदी पानीमा प्रत्येक पटक उमाल्नु पर्दछ।

## देशैभर...

१५.४, सिमरामा २७ र ताप्लेजुङमा २५.८ मिलिमिटर वर्षा भएको छ। पहाडमा वर्षासँगै हिमपातसमेत भयो। तर, तराईमा भने खासै पानी परेन। महाशाखाका अनुसार धनगढीमा ५.१, नेपालगन्जमा ३, धनकुटामा ७.७ र विराटनगरमा १.६ मिलिमिटर मात्र वर्षा मापन भएको छ। भैरहवामा भने २९.४ मिलिमिटर वर्षा रेकर्ड भएको छ।

स्थानीय वायुका कारण प्रदेश १, बागमती, कर्णाली र सुदूरपश्चिमका पहाडी भागका केही ठाउँमा हल्का वर्षा हुन सक्ने मौसमविद्ले आकलन गरेका छन्। हिमपातले चिसो अत्यधिक बढेपछि जनजीवन प्रभावित बनेको छ।

## १५ दिने...

दिन' अभियानकै रूपमा सुरु भएको जानकारी दिए। नेपालमा हालसम्म दुई करोड ४० लाख २३ हजार पाँच सय ६१ ले खोप लगाएका छन्। जसमध्ये एक मात्रा लगाउने एक करोड ३७ लाख ९४ हजार चार सय १७ र दुई मात्रा लगाउने एक करोड दुई लाख २९ हजार एक सय ४४ जना छन्। स्वास्थ्य मन्त्रालयको तथ्यांकअनुसार अझै एक करोडभन्दा बढी डोज खोप मौज्दात छ। ठूलो मात्रामा खोप मौज्दात हुँदासमेत दैनिक एकदेखि डेढ लाख मात्रा खोप चल्दै आएको थियो।

सिरिन्जको संख्या न्यून भएकाले लक्ष्यअनुसार खोप सञ्चालन हुनेमा स्वास्थ्य विज्ञहरूको शंका छ। फाइजर खोप सञ्चालन गर्न घोलक र सिरिन्ज नभएकैले केही समय स्थगित भएको छ। एक साताभित्र सिरिन्ज नआए अहिले चलिरहेको भेरोसेल खोप अभियान पनि रोकिन सक्ने स्वास्थ्य अधिकारीहरूले बताएका छन्। हाल नेपालमा ६० लाखको हाराहारीमा सिरिन्ज मौज्दात छ। यद्यपि, अभियानका रूपमा खोप सञ्चालन गर्न सिरिन्ज पर्याप्त रहेको स्वास्थ्य मन्त्रालयको दाबी छ।

## सशस्त्रमा...

प्रहरी बल बढुवाको विषयमा गम्भीर नहुँदा संगठनमा समस्या देखिएको हो। विगतमा वृत्ति विकास योजनाअनुसार दरबन्दी तय गरी भर्ना हुन नसक्दा इन्स्पेक्टरका पद धेरै तथा माथिल्लो तहमा थोरै हुँदा समस्या उत्पन्न भएको हो। जसकारण खासगरी ५, ६ र ७ औं ब्याचका इन्स्पेक्टरको करिअर अस्तव्यस्त बनेको छ।

पहिलेदेखि नै सशस्त्र प्रहरीमा यो समस्या रहे पनि यसको समाधानको गम्भीर पहल भएको छैन। सशस्त्र प्रहरी महानिरीक्षक शैलेन्द्र खनालले इन्स्पेक्टर र डिएसपीको बीचमा प्रमुख इन्स्पेक्टर पद राख्ने प्रस्ताव गरे पनि संगठनभित्रै त्यसबारे सकारात्मक प्रतिक्रिया नपाएपछि स्थगित गरेका छन्।

नियमित सरुवासमेत नहुँदा संगठन झन् अस्तव्यस्त बन्न पुगेको छ। सशस्त्रमा हरेक वर्ष साउन र भदौमा नियमित सरुवा हुन्छ। सामान्यतया गण, गुल्म तथा बोर्डर आउटर पोस्ट (बिओपी) मा जानेहरूको कार्यकाल एक वर्षको हुन्छ। डेढ वर्ष हुँदा पनि यो वर्ष कसैको सरुवा हुन सकेको छैन।

## महिला...

मा माल्दिभ्सलाई सोझो सेटमा हराउँदै पहिलोपटक उपाधि हात पारेको थियो। नेपाली टोली स्वदेश फर्किसकेको छ।

२३ डिसेम्बरबाट सुरु भएको च्याम्पियनसिपमा महिलातर्फ आयोजक बंगलादेश, किर्गिस्तान, माल्दिभ्स, नेपाल, श्रीलंका र उज्वेकिस्तान गरी ६ राष्ट्रको सहभागिता रहेको थियो।